का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ असार २०७९,
आइतबार
10 July 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जेठ र असारमा धेरै खर्च

आर्थिक बर्ष सकिनै लाग्दा धमाधम बजेट खर्च गर्ने प्रवृति यसबर्ष पनि दोहोरिएको हो । अन्तिममा बजेट खर्च गर्दा त्यसको सदुपयोग र गुणस्तरीयतामाथि यसबर्ष पनि प्रश्न उठिरहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ असार ।

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ४५ प्रतिशत बजेट खर्च गरेको लुम्बिनी प्रदेश सरकारले असार महिनाको पछिल्लो तीन सातामा मात्रै करिब ५ अर्ब खर्च गऱ्यो । चालु आर्थिक वर्ष २०७८/७९ सकिन केही दिन मात्रै बाँकी छ । प्रदेश सरकारले भने करिब ५७ प्रतिशत बजेट खर्च गरेको छ । असार मसान्त नजिकिँदै गर्दा बजेट खर्चको दर भने ह्वात्तै बढेको छ ।

यस्तै, नियत्ति र बजेट खर्चको दल सात वटै प्रदेश, संघीय सरकार र स्थानीय तहको पनि छ । कास्कीको कुश्मा नगरपालिकाले वडा-९ स्थित कुश्मा-ज्ञादी झोलुंगे पुलछेउको छेउखन्ना सडकको स्तरोन्नति गरिरहेको छ । कुश्माकै वडा-५ को कालीगण्डकी किनार जोड्ने सडक पनि धमाधम मर्मत भइरहेको छ । पर्वतको फलेवास दोबिल्ला-फलेवास सडकअन्तर्गत देवीस्थान क्षेत्रमा कालोपत्रेको काम धमाधम भइरहेको छ ।

आर्थिक बर्ष सकिन लागेकाले विकास आयोजनामा मात्रै खर्च बढेको छैन् देशभर बिभिन्न केही सामाजिक संस्थाले तालिम, गोष्ठी, अन्तरक्रिया गरिरहेका छन् । बिभिन्न जिल्लाका सामाजिक विकास कार्यालय, कृषि ज्ञान केन्द्र, सिँचाइ, भू तथा जलाधारलगायत कार्यालयले अनुगमनलाई यही बेला तीव्रता दिएका छन् । स्थानीय सरकारबाट समेत देशभर किसान, पशुपालक, युवा उद्यमीलाई दिने अनुदानका सामग्रीसमेत खरिद गर्दै वितरण गर्ने कार्य तिब्र छ । किनभने केही दिनभित्रै आर्थिक बर्ष सकिँदैछ ।

आर्थिक बर्ष सकिनै लाग्दा धमाधम बजेट खर्च गर्ने प्रवृति यसबर्ष पनि दोहोरिएको हो । अन्तिममा बजेट खर्च गर्दा त्यसको सदुपयोग र गुणस्तरीयतामाथि यसबर्ष पनि प्रश्न उठिहरेका छन् । विकास निर्माणको काम गुणस्तरीय सँगसंगै आर्थिक अनियमितता हुने संभावनामाथि समेत खबरदारी अर्थविद्हरुले गर्दै आएका छन् । हतार-हतारमा काम सकाएर भुक्तानी लिन र आयोजनाका अधिकारीहरु समेत प्रगति देखाउन कामको गुणस्तर नहेरी भुक्तानी गर्न तयार हुने समस्या नेपालले हरेक बर्ष भोग्दै आएको छ । परिणाममा भएको काम भने गुणस्तरहीन हुन्छ ।

तर, सम्बन्धित अधिकारीहरुले गुणस्तरतामा भन्दा प्रगति देखाउनेमा ध्यान दिने गरेका छन् । प्रगति देखाउनकै लागि आर्थिक बर्षको अन्तिम दुई महिना (जेठ र असार) निकै महत्वपूर्ण मानिन्छ । सरकारी तथ्याङ्क अनुसार सबैभन्दा बढी बजेट खर्च हुने महिना भनेकै जेठ र असार हो । फेरि यही दुई महिना आगामी आर्थिक वर्षका लागि नीति, योजना, कार्यक्रम र बजेट ल्याउने महिना हुन् ।

जेठ, असार महिना तीन वटै तहका सरकारहरुले आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा वार्षिक बजेट प्रस्तुत गर्ने समय पनि हो । अर्को तर्फ यही दुई महिनामा निजी तथा सार्वजनिक क्षेत्र पनि आफ्ना हरहिसाब फरफारक गर्ने, आगामी वर्षका लागि आर्थिक एवं व्यावसायिक योजना निर्माण गर्नेमा ब्यस्त हुन्छन् । यही बेला यही बजेटको सबैभन्दा बढी खर्च हुने कुरा आफैंमा अमिल्दो रहेको र यस्तोमा गुणस्तर सँगसँगै आर्थिक अनियमितता पनि हुने अर्थविदहरु बताउँछन् ।







# प्रदर्शनकारीको कब्जामा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ असार ।

> चरम आर्थिक संकटमा परेको श्रीलंकामा खाद्य वस्तुको अभाव र मूल्यबृद्धि विरुद्ध सडकमा निस्किएका प्रदर्शनकारीले शनिबार राष्ट्रपति कार्यालय कब्जामा लिएका छन् ।

काठमाडौं । पछिल्लो केही महिनादेखि चरम आर्थिक संकट भोगिरहेको श्रीलंकाका नागरिकले राष्ट्रपति भवन घेराउ गरेपछि नेपालमा पनि तरंग पैदा भएको छ । नेपालको आर्थिक अवस्था खस्किएको चर्चा चलिरहँदा नेपालीमा पनि त्यस्तै अवस्था आउने हो कि भन्ने डरले तरंग पैदा भएको हो । श्रीलंकाका राष्ट्रपतिले देश छोडेर भागेको खबर सार्वजनिक भएपछि सामाजिक सञ्जालमा पनि नेपालका नेताहरुको हालत त्यस्तै हुन्छ भन्ने आक्रोश देखिन थालेका छन् ।

फेसबुकमा भुवन नेपाल नाम गरेका व्यक्ति लेख्छन्, 'अब पालो नेपालको, बेलै मा जागौ है ढिलो होला नि !' भुवन त प्रतिनिधि पात्र मात्र हुन्, पछिल्लो समय नेपालमा मुद्रा सञ्चिती घटेको विषयलाई लिएर धेरैले सरकार र सरोकारवालाको आलोचना गर्दै आएका छन ।

यद्यपि, नेपाल श्रीलंकाकै अवस्थामा भने नपुग्ने वरिष्ठ अर्थविद् डा चन्द्रमणि अधिकारी बताउँछन् । 'नेपाल र श्रीलंकाको विषय फरक हो, नेपालमा त्यस्तै किसिमको आर्थिक संकट पैदा नभएपनि अवस्था सहज भने छैन, तसर्थ सरकार धेरै संयमित भएर चल्नुपर्छ,' उनले भने । तर, आयातलाई प्रतिस्थापन गर्ने र नेपाल कृषिमा आत्मनिर्भर बन्नेतर्फ नलाग्ने हो भने ढिलोचाडौं संकट देखापर्ने उनको भनाई छ ।

विदेशी मुद्रा भित्र्याउने दुई प्रमुख माध्यम रेमिट्यान्स र पर्यटनको आय नबढ्दा चालु खातामा घाटा बढेको हो । जसले गर्दा विदेशी मुद्राको सञ्चिती घटेर करिब सात महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने मात्रै अवस्था छ ।

तर, अर्थमन्त्रालयका प्रवक्ता डुण्डी प्रसाद निरौला भने कोरोनाको असरका कारण विदेशी मुद्रा भित्रिन कम भएपनि श्रीलंकाको जस्तै अवस्था भने नआउने दाबी गर्नुहुन्छ । 'हो, हामीले श्रीलंकाबाट पाठ सिक्नुपर्छ, तर, हाम्रो अवस्था त्यत्ति धेरै नाजुक पनि भएको छैन, हामी अब आउने आर्थिक वर्षमा थुप्रै योजना सहित अर्थतन्त्र सुधारमा लाग्नेछौ,' उनले भने । साथै अर्थतन्त्रमा संकट देखापर्नसक्छ भनेरै नेपालले विलासी वस्तुको आयातमा रोक लगाएको उनको भनाई छ । कोरोना महामारीबाट समस्यामा परेका व्यवसाय पुनरुत्थानका लागि पुनर्कर्जावापत पाँच प्रतिशत व्याजदरमा दिएको ऋण अनुत्पादक क्षेत्रमा लगानी भएको र आयात नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम नचाल्दा अर्थतन्त्रमा संकट आएको नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्ल बताउनुहुन्छ ।

यद्यपि, श्रीलंकाको अवस्थामा नेपाल नपुग्ने उनको दाबी छ । श्रीलंकामा पछिल्लो समय वैदेशिक ऋणको भार ठूलो समस्या बनेको छ । खासगरी

– बाँकी पृष्ठ २ मा

पाराभेटको नियमन प्रदेशको एकल अधिकार

# खोस्न खोज्दै संघीय सरकार

पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्ताको नियमनको प्रदेशको एकल अधिकारसूचीमा छ । तर, संघीय सरकारले आफैं नियमन गर्ने गरी 'पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक' ल्याएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ असार ।

२३ असार, काठमाडौं । पशु चिकित्सा अन्तर्गत पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्ताको नियमन प्रदेशको एकल अधिकारसूचीमा छ । तर, संघीय सरकारले पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्तालाई संघीय सरकारले नै नियमन गर्ने गरी 'पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक' ल्याएको छ ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारसूची छ । जहाँ आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार सूचीमा छ । ३५ दिन तालिम लिएका देखिका ग्रामीण पशु सेवा कार्यकर्ता हुन्छन् भने ३ वर्षसम्म तालिम लिएर पाराभेट बन्न पाइन्छ । माध्यमिक तहसम्मको पाठ्यक्रम बनाउने, त्यसको नियमन गर्ने, अनुमति दिने, नवीकरण गर्ने लगायतका अधिकारहरु स्थानीय तहलाई दिइएको छ ।

संविधानको अनुसूचीको कार्य विस्तृतीकरणले राष्ट्रिय नीति र मापदण्ड अनुसार पाराभेटको दर्ता, अनुमति, खारेजी, नियमन गर्ने सबै अधिकार प्रदेश सरकारलाई दिएको छ । 'राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन' प्रदेशको एकल अधिकार सूचीमा उल्लेख छ ।

स्थानीय सरकार संचालन ऐनले २०७४ को दफा ११ ले पनि प्राविधक शिक्षा तथा व्यावसायीक तालिमहरु संचालन अनुमति, अनुगमन मूल्यांकन नियमनको सबै अधिकार स्थानीय तहलाई दिएको छ ।

संविधान र कानुनका यी व्यवस्था अनुसार लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशले पशु चिकित्सा सम्बन्धी ऐन जारी गरिसके । लुम्बिनी प्रदेशले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०७६ बनाएको छ । जसको दफा ९ मा पाराभेटको नियमन स्थानीय तहमा हुने र सो को अभिलेखीकरण प्रदेश मन्त्रालय (प्रदेशको सम्बन्धित मन्त्रालय)मा गरिने उल्लेख छ ।

पाराभेटको दर्ता, अनुमति, नवीकरण, नियमन र खारेजी सम्बन्धी व्यवस्था रहेको दफा ९ -१) मा भनिएको छ, 'स्थानीय स्तरमा रही पशुपन्छी उत्पादनका क्षेत्रमा उपचार, भ्याक्सिनेसन, पशुपन्छीजन्य सामग्री बिक्री वितरण गर्ने प्राइभेट पाराभेटहरुको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।'

प्राइभेट पाराभेटहरुको दर्ता सम्बद्ध स्थानीय तहमा हुने र सोको अभिलेख मन्त्रालयमा राखिने प्रचलित व्यवस्था छ । प्राइभेट पाराभेटहरुको नियमन र खारेजी मन्त्रालय आफैं वा सम्बद्ध स्थानीय तह मार्फत गरिने भनिएको छ ।

सुदूरपश्चिम प्रदेशले पनि पशु सेवा तथा स्वास्थ्य ऐन २०७८ बनाएको छ । त्यसको दफा १५ -३) मा पाराभेटले पशु उपचार लगायतका काम गर्न अनुमति लिनुपर्ने व्यवस्था र त्यो तोकिए बमोजिम हुनेछ भनिएको छ । तर, संविधानले दिएका अधिकार अनुसार प्रदेशले ऐन बनाइसकेको अवस्थामा संघीय सरकारले पाराभेटलाई संघ मातहत राख्ने गरी विधेयक ल्याएको भनी सरोकारवालाहरुले प्रश्न उठाएका हुन् ।

प्रस्तावित विधेयकमा पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्ताको दर्ता तथा नियमन गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषद् गठन गर्ने उल्लेख छ । परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहने भनिएको छ ।

'पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवं मर्यादित बनाउन पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को स्थापना हुनेछ,' प्रस्तावित विधेयकको दफा ३ मा भनिएको छ, 'परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।'

प्रस्तावित विधेयकको दफा ४ मा पशु स्वास्थ्य

– बाँकी पृष्ठ २ मा

# बेष्टिनेटमाथिको अनुसन्धानले मलेसियामा कामदार आपूर्तिमा केही ढिलाइ हुने संकेत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार

मलेसियाका मानव संशाधन मन्त्री एम साराभानन्ले बेष्टिनेटमाथिको अनुसन्धानले विदेशी कामदार आपूर्तिमा केही ढिलाई हुने बताएका छन् । त्यहाँको भ्रष्टाचारविरूद्ध छानविन गर्ने निकायले गत मंगलबार क्लालाम्पुरस्थित बेष्टिनेट कार्यालयमा छापा मारेको थियो ।

मलेसियाको 'दातुक शेरी' उपाधि लिएका बंगलादेशका नागरिक अमिन मिर अब्दुल नुरले सञ्चालन गरिरहेको बेष्टिनेट कम्पनीले मलेसियामा रोजगारीमा आउने विदेशी कामदारको स्वास्थ्य परीक्षण रिपोर्टको परीक्षण 'स्क्रिनिङ' गर्दै आइरहेको छ । मन्त्री साराभानन्ले उक्त कम्पनीले गर्ने काम नरोकिने तर 'स्लो' हुने बताए । मलेसियामा विदेशी कामदारको अभाव देखिएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । विदेशी कामदारको भिसा एप्रुभलमा ढिलाइ गरिरहेको भन्दै मलेसियाका निजी क्षेत्रका उद्योगीहरूले सरकारको आलोचना गरेका छन् । यस्तो अवस्थामा विदेशी कामदार आपूर्ति प्रक्रियामा संलग्न बेष्टिनेटमाथिको कारबाही कामदार आपूर्तिमा समस्या थप्ने कतिपयको चिन्ता छ । मलेसियाका पाम आयल, कन्ट्रक्सन तथा म्यानुफ्याक्चरिङ सेक्टरमा विदेशी कामदारको माग अनुसार पूर्ति हुन नसकेको बताइएको छ ।

मानव संशाधन मन्त्रालयले गर्ने डिमाण्ड एप्रुभलको काममा भने समस्या नरहेको मन्त्री साराभानन्को भनाइ छ । गत जुन महिनामा मन्त्री साराभानन्को बंगलादेश भ्रमणमा मलेसिया कामदार पठाउन २५ वटा मात्र म्यानपावर कम्पनी छनोट गरी सिण्डिकेट खडा गरेको भन्दै मलेसियामा छानविन जारी छ ।

बेष्टिनेटका सञ्चालक अमिनलाई मंगलबार र बुधबार बंगलादेशमा २५ वटा म्यानपावर कम्पनी छनोट सम्बन्धमा सोधपुछ गरिएको र कडा निगरानीमा राखिएको बताइएको छ ।

वैदेशिक रोजगार विशेष

## 'लघु उद्योगमा लाग्न प्रेरित गरे खाडीमा सस्तोमा श्रम बेच्नु पर्दैन'

**महेन्द्रनगर/रासस–** कञ्चनपुर महेन्द्रनगरका ३१ वर्षीय सागर क्षेत्रीले यूएईको अबुदाबीमा तीन वर्ष पेट्रोलपम्पमा काम गरे । त्यहाँ हुँदा मासिक डेढ लाख रूपैयाँको कमाइ हुन्थ्यो । त्यो काम छाडेर स्वदेशमै काम गर्ने इच्छा शक्तिले उनी अहिले बेताबासको उद्योग चलाउँदै छन् ।

चार वर्षअघि बुबाको प्रेरणाबाट भीमदत्त नगरपालिका-१८ जानकी टोलमा बिन्ध्यावासिनी बेतबास लघु उद्योग स्थापना गरेका क्षेत्री अहिले वार्षिक ३० लाखको कारोबार गर्छन् । '५० रूपैयाँ को झाडुदेखि ८५ हजारको स्तरीय सोफासेटसम्म उत्पादन गर्छु,' सागरले भने, 'अहिले विदेशको काम छाडेकोमा कुनै पछुतो छैन ।' उनले उद्योगबाट भएको कमाइले यहाँ आधा कट्ठा जमिन गोदाम घर बनाउन खरिद गर्नुका साथै दुई वटा मिनीट्रकसमेत किनेका छन् ।

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ असार २०७९, आइतबार
10 July 2022, Sunday

# चुरे क्षेत्रको संरक्षणमा पूर्वराष्ट्रपति यादवको चासो



भइरहेको चुरे दोहन र चुरेको विनास भएको उनको भनाइ थियो ।

**जनकपुरधाम/मस-** पूर्वराष्ट्रपति डा. रामवरण यादवले चुरे क्षेत्रको संरक्षणमा सरकारले ध्यान नदिएकोप्रति दुःख व्यक्त गरेका छन् । जनकपुरधाममा भएको 'मधेस मन्थन' कार्यक्रममा पूर्वराष्ट्रपति डा. यादवले अनधिकृतरूपमा भइरहेको चुरे दोहनका कारण तराई मधेस क्षेत्र मरुभूमि बन्ने अवस्थामा पुग्नै लाग्दासमेत सरकारले चुरे क्षेत्रको संरक्षणमा सरकारको ध्यान पुग्न नसकेकोप्रति दुःख व्यक्त गरे ।

'पहिला तराई क्षेत्र तराई थियो, यहाँ पर्याप्त पानी हुन्थ्यो, धान, गहुँ पर्याप्त मात्रामा उत्पादन हुन्थ्यो', पूर्वराष्ट्रपति डा. यादवले भने, 'तर अहिले तराई मधेसमा पानीको समस्या देखिएको छ, खाद्यान्न बाहिरबाट आयात गर्नुपर्ने अवस्था छ ।' यसको प्रमुख कारण अनधिकृतरूपमा

यस्तै अवस्थामा चुरेक्षेत्रको दोहन भइरहे आगामी ३० वर्षभित्र तराई मधेस मरुभूमि बन्ने विज्ञहरूले चेतावनी दिइरहेको उल्लेख गर्नुहुँदै उनले तराई मधेसलाई मरुभूमि बन्न नदिन चुरेको दोहन रोक्नुपर्ने बताए । आफू राष्ट्रपति हुँदा चुरेको संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गरेको सम्झिनुहुँदै उनले पछिल्लो समय चुरे विनास गरी भौतिक संरचना निर्माणको काम गरिरहेको प्रति दुःखेसो पोखे ।

संविधान बन्दा असन्तुष्टि देखिए पनि अहिले संविधानलाई स्वीकार गरी सबै जना अघि बढिरहेको प्रति खुसी व्यक्त गर्दै पूर्वराष्ट्रपति डा. यादवले आफूले घोषणा गरेको संविधान सयौं वर्षसम्म चलोस् भन्ने आफ्नो चाहना रहेको बताए ।

# शिक्षामा रुपान्तरणका लागि विज्ञको सुझाव

**काठमाडौं/मस-** विद्यालय शिक्षामा रुपान्तरणका लागि विज्ञान, प्रविधि, इञ्जिनियरिङ, मानविकी र व्यवस्थापन (स्टिम) का विषयलाई एकापसमा अन्तरसम्बन्धित बनाएर शिक्षण गर्न विज्ञहरुले सुझाव दिएका छन् ।

साउथवेष्टर्नस्टेट कलेजले शनिबार आयोजना गरेको विद्यालय शिक्षामा रुपान्तरणका लागि शैक्षिक तरिका विषयक कार्यशालामा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरेर मुलुकको समृद्धिमा योगदान दिन आग्रह गरिएको हो । काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनका डीन प्रा. डा. बालचन्द्र लुइँटेलले २१औं शताब्दी अनुकूल सहभागितामूलक, आलोचनात्मक र परिवर्तनका लागि सिकाइका भावलाई सम्बोधन गर्दै व्यक्तिगत सहकार्य, सूचनाप्रविधि र बहुआयामिक साक्षरता सीपका साथै सञ्चार र सोचयुक्त सीप र उद्यमशीलता एवं उत्पादनमूलक शिक्षा आवश्यक भएको बताउनुभयो । डा लुइँटेलले विद्यार्थीलाई आफैँले काम गरेर, अनुभव गरेर र सोच विकास गराएर शिक्षकहरुले कक्षाकोठाभित्र र बाहिर अभिप्रेरित गर्नुपर्ने बताए । उनले शिक्षामा रुपान्तरणका लागि विद्यालय शिक्षा प्रणाली, पाठ्यक्रम र प्रशासनिक संरचनामा पनि परिवर्तन गरेर विद्यार्थीलाई परीक्षामुखी नभई चेतनाको अर्कोस्तरमा लान जोड दिए ।

नेपालमा केही हुँदैन वा समस्या मात्रै छन् भन्ने सोच त्यागेर पढ्न वा कमाउन विदेश जानुपर्छ भन्ने मान्यता गलत भएकाले स्वदेशमै शिक्षाबाट रुपान्तरण गर्न सकिने उनको भनाइ थियो । कार्यक्रममा कलेजका प्रमुख डा. राजेन्द्रसिंह केसीले ८० लाख युवा विदेशमा रहनु विडम्बनाको कुरा भएकाले नेपालमा विदेशी प्राध्यापक र विद्यार्थीलाई आकर्षण दिने गरी धेरै र बहुविषयका विश्वविद्यालय खोलिनुपर्ने बताउनुभयो । सो अवसरमा काठमाडौं उपत्यका विभिन्न कलेज र विद्यालयका प्रधानाध्यापक, सहायकप्रधानाध्यापक, संयोजक, प्राज्ञिक नेतृत्वकर्ता र शिक्षकसहित २५० जनाको सहभागिता थियो ।

सहायक क्याम्पस प्रमुख हरि सिंह केसीका अनुसार सरकारी निजी साझेदारी कार्यक्रमको कार्यान्वयन र संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विगतमा पनि यस्ता कार्यक्रम गरिएको र काठमाडौं बाहिरका शिक्षाकर्मीका लागि भर्चुअल माध्यमबाट कार्यशाला सञ्चालन गरिएको थियो । सो कलेजले यसअघि २१औं शताब्दीको शिक्षाबारे काठमाडौं विश्वविद्यालयमा प्रा. डा. लक्ष्मण ज्ञवाली र प्रगतिशील विद्यालयबारे सो विश्वविद्यालयका स्कुल अफ एजुकेशनका सहायक डीन डा. धनपति सुवेदीको प्रस्तुतिकरण राखेको थियो ।

# 'देशको समृद्धिका लागि राजनीति'

**सुनसरी/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विकासबिनाको राजनीति खोक्रो भाषणमात्र हुने बताएका छन् । सुनसरीको बराह क्षेत्र नगरपालिका-७ स्थित सप्तकोसी बहुमुखी क्याम्पसमा शनिबार आयोजित प्राध्यापक सङ्घको पदभार ग्रहण तथा बस उद्घाटन कार्यक्रममा उनले जनताको सेवा र देशको समृद्धिका लागि आफू राजनीतिमा लागिपरेको बताए ।

मन्त्री कार्कीले जनताको सेवा गर्न राजनीतिमा प्रवेश गरेको बताउँदै आफूले बोलेको कुरा पूरा गर्दै आएको दाबी गरे । विकासबिनाको राजनीति जनताका लागि धोका हुने बताउँदै उनले आफूले जनतासामु गरेका अधिकांश प्रतिबद्धता पूरा गरेको दाबी गरे । वराहक्षेत्र नगरपालिकाको विकासका लागि सडक, शिक्षा, स्वास्थ्य, विद्युत्लगायत क्षेत्रमा योजना बनाएर जनतालाई सेवा दिन आफू लागिपरेको मन्त्री कार्कीले जानकारी दिए । भन्टाबारीदेखि धरानसम्मको पुरानो रेल्वेमार्गलाई सडकमार्गको रूपमा स्तरोउन्नति, सप्तकोसी बहुमुखी क्याम्पसमा कृषि विज्ञान, कम्प्युटर ल्याब र पुस्तकालयको व्यवस्थाका लागि काम गर्ने बताए ।

सोही कार्यक्रममा सप्तकोसी क्याम्पसको प्राध्यापक सङ्घ एकाइ समितिमा निर्वाचित सभापति केशव पुरी, उपसभापतिमा उमेश खड्कासहितका पदाधिकारीलाई मन्त्री कार्कीले निर्वाचित प्रमाणपत्र प्रदान गरे । उनको पहलबाट भारतीय दूतावासबाट उपलब्ध क्याम्पस बससमेत उद्घाटन गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति सुनसरीका सभापति राजन मेहता, इनरुवा नगरपालिकाका प्रमुख केदार भण्डारी, बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्की, कोसी गाउँपालिकाका प्रमुख ऐयुव अन्सारीलगायतको सहभागिता थियो ।

### प्रदर्शनकारीको...

चीनलाई तिर्नुपर्ने ऋण बढ्दै गएको छ । श्रीलंकाले चीनलाई ६ अर्ब अमेरिकी डलरभन्दा बढी तिर्न बाँकी छ । श्रीलंका सरकारले गत वर्षको आर्थिक संकटका बेला चीनसँग नै थप १ अर्ब डलर ऋण लिएको थियो । जसले गर्दा देश नै आर्थिक संकटको भुमरीमा फसेपछि जनताले राष्ट्रपति भवन नै घेराउ गरेका हुन् । श्रीलंकाको घटनापछि तर्सिएको नेपालको आर्थिक अवस्था सुधारन गर्नेतर्फ केन्द्रित हुने वा नहुने जिम्मा सरोकारवालकै काँधमा आएको छ ।

### पाराभेटको...

तथा पशु सेवा परिषद् संघमा रहने, परिषद् स्वशासित संस्था हुने, परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने, परिषद्का सबै काम कारवाहीको लागि आफ्नो छुट्टै छाप हुने, परिषद्ले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्ने उल्लेख छ ।

### लघु...

दश जनालाई बेतबासको सामान बनाउने तालिम दिएर उद्योगमै रोजगारी दिएका क्षेत्रीले अहिले उद्योगको कारोबार र दुई करोड पुगेको बताए । 'घर परिवारसित बसेर आफ्नै ठाउँमा रोजगार मात्रै होइन अरुलाई समेत रोजगार दिन सकिँदो रहेछ,' उनले भने, 'तर त्यसका लागि सरकारको प्रोत्साहन चाहिन्छ ।'

एकल महिला, अपाङ्गता भएका व्यक्ति र आर्थिक अवस्था कमजोर भएकालाई रोजगारी दिएको बताउँदै उनले उद्योग सञ्चालनअघि २० जनालाई प्रशिक्षण दिएको जानकारी दिए । 'यहाँ उत्पादन भएका सामग्रीको खपतका लागि सुदूरपश्चिम प्रदेश नै हाम्रो मुख्य बजार हो,' क्षेत्रीले भने, 'यहाँ कच्चा पदार्थ डडेल्धुरादेखि झापासम्मबाट समेत आयात गर्छौं ।'

उनको उद्योगमा छ प्रकारका झाडु, ह्याङगर, सोफा, कुर्ची टेबल, मुडा, डाइनिङ सेटलगायतका सामग्री उत्पादन हुने गर्छ । 'कच्चा पदार्थका लागि अन्यत्र धाइरहनुपरेपछि भारतीय झाडु अझै पनि महँगोमा निर्यात भइरहँदा स्थानीय उत्पादन खपतमा समस्या हुन्छ,' उनले भने । क्षेत्रीका बुबा लालबहादुर यहाँस्थित वन कार्यालयमा सवारी चालक छन् । करिब २१ वर्षदेखि वन अधिकृतको गाडी चलाउँदै आएका लालबहादुरले कार्यालयको कामको सिलसिलामा हाकिमसित जिल्ला बाहिर जाँदा लघु उद्योगबारे जानकारी लिएपछि छोरालाई विदेशबाट घर बोलाएको सुनाए । 'सरकारले उद्योग चलाउन अरु युवालाई सीपमूलक तालिम दिन प्याकेज दिए पनि हामी धेरैलाई सीप सिकाउन सक्छौं,' उनले भने, 'स्थानीय र प्रदेश सरकारले पनि युवा स्वरोजगारको विषयमा गम्भीर हुनुपर्यो ।' उनले कोरोना कहरमा समेत उद्योगमा कार्यरत मजदुरलाई घरघरमा कच्चा पदार्थ पुर्याएर रोजगारी गुम्न नदिएको जानकारी दिए ।

प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेका सागर अहिले पिठो, तेल र बेसार मसला उद्योग सञ्चालनको तयारी छन् । 'धेरै युवा खाडी मुलुकमा बिना सीप चर्को गर्मीमा श्रम बेचिरहेका छन्,' उनले भने, 'सरकारले युवापुस्तालाई लघु उद्योगमा लाग्न प्रेरित गरे युवा शक्ति बाहिरिनु पर्दैन ।'

# बालबालिकाको अभिभावक बन्दै गैडहवा

**भैरहवा/मस-** जिल्लाको गैडहवा गाउँपालिकाले अभिभावकविहीन बालबालिकालाई निःशुल्क पढाउने भएको छ । पालिकाले आफ्नै बजेटमा उनीहरूको संरक्षण र योग्य नागरिक बनाउने भूमिका खेल्ने गाउँपालिले नीति तथा कार्यक्रममा समावेश गरेको छ ।

अभिभावकविहीन बनेका बालबालिकाको संरक्षण र शिक्षाका लागि बजेटसमेत विनियोजन गरिएको गाउँपालिकाको सूचना शाखाले जनाएको छ । गाउँपालिका अध्यक्ष सुरेन्द्र पौडेलले अभिभावकविहीनका लागि गाउँपालिका नै अभिभावक बनेर उनीहरूको शिक्षा र संरक्षण गरिने जानकारी दिए । गाउँपालिकाले 'बेटी पढाउ, बेटी बचाउ' अभियानलाई समेत आगामी बजेटमा निरन्तरता दिएको छ । पालिकालाई वातावरणमैत्री तथा सुन्दर बनाउनका लागि फोहर व्यवस्थापन र सरसफाइका लागि समेत आगामी नीति तथा कार्यक्रममा देखिन्छ ।

गाउँपालिकाको गौरवको योजनाअन्तर्गत गैडहवा ताल र सूर्यपूरा पार्कलाई विकास गर्ने योजना अगाडि सारेको गाउँपालिकाको कार्यालयले जनाएको छ । लुम्बिनीमा आउने पर्यटकको गन्तव्यस्थलको रूपमा सूर्यपूरा पार्क र गैडहवा ताललाई आकर्षणको केन्द्र बनाउने योजना रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विपीन क्षेत्रीले बताए ।

शिक्षा, स्वास्थ्य र पर्यटनका लागि दीर्घकालीन सोचका साथ योजना अगाडि सारेको गाउँपालिकाको कार्यालयले जनाएको छ । गैडहवा गाउँपालिका महामानव गौत्तमबुद्धको जन्मस्थल लुम्बिनीसँग जोडिएको गाउँपालिका हो । जहाँ पर्यटन र कृषिको प्रचुर सम्भावना देखिन्छ ।

# गुणस्तरहीन बन्यो अक्सिजन प्लान्टको ट्रस

**खोटाङ/मस-** जिल्ला अस्पताल खोटाङमा निर्माण गरिएको अक्सिजन प्लान्टको ट्रस भवन कमसल भएको स्थानीयले गुनासो गरेका छन् । प्रदेश सरकारको १ करोड ५० लाखमा मुन रक्स इन्टरनेशनल प्रालिले निर्माण गरेको अक्सिजन प्लान्टको ट्रस भवन कच्चा तरिकाले बनेको गुनासो गरेका हुन् । जिल्लामै अक्सिजन उत्पादनका लागि जडान गरिएका उपकरण सही देखिए पनि ट्रस भने कमसल बनेको भन्दै सर्वत्र विरोध शुरु भएको छ ।

अक्सिजन प्लान्टको ट्रस जिल्ला अस्पतालकै एउटा भवनसँग अडेसा लगाएर (टाँसेर) बनाइएको छ । तर टाँसिएको भागमा पर्खाल लगाइएको छैन । सिंगल इँटाको पर्खाल धकेल्दा ढल्ने खालको बनाइएको छ । ट्रसमाथि कागजजस्तो पातलो जस्ताको छाना हालिएको छ । पर्खालभन्दामाथि र छानामुनिको 'स्पेस'मा कुखुराको खोरलाई बारेजस्तो पातलो तारजालीले बारेको देखिएको छ ।

'क्वालिटी'को ट्रस भवन नबनेकाले भवनको भुक्तानी रोक्न भनिएको जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले बताए । 'कागजजस्तो छाना नहाल । कुखुरा खोर बार्नेजस्तो तार जाली नहाल भनेको, टेरेन,' जिसस प्रमुख राईले भने, 'क्वालिटीको भवन नबनेकाले भुक्तानी रोक्न कुरा गरिरहेकाछौं । भुक्तानी गर्नुपर्ने भए भवनको बाँकी राखेर भुक्तानी गर्न सकिन्छ ।'

अक्सिजन प्लान्टको ट्रस निर्माणका क्रममा गुणस्तरहीन काम भएको भन्दै स्थानीयले आवाज नउठाएका होइनन् तर निर्माण कम्पनीका प्रतिनिधिले बेवास्ता गरेको बताइन्छ । जिल्ला अस्पतालको निर्माणाधीन भवनको निर्माण सामग्री ओसार पसारका क्रममा ओहोर दोहोर गर्ने हेभीवेट गाडीको थर्कनले अक्सिजन प्लान्टको ट्रस चर्किएर भत्किने खतरा पनि उत्तिकै रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थराज भट्टराईले बताए ।

'कमजोर संरचना बनेको छ । धकेल्दा ढल्ने पर्खाल छ । मान्छे छिर्न सक्ने ठाउँ छ । कागजजस्तो जस्ता हालिएको छ । जाली पातलो छ । पर्खाललाई अडेसा लगाएर बनाइएको छ,' मेयर भट्टराईले भने, 'यस बारेमा छानबिन हुनुपर्छ, बदमासी गरेको रहेछ भने निर्माण व्यवसायीलाई कारबाही हुनुपर्छ ।'

अक्सिजन प्लान्ट जडानका लागि नौ फर्मको आवेदन परेकामा मुन रक्स इन्टरनेशनलले ठेक्का पारेको हो । ट्रस भवन निर्माणका क्रममा पटक-पटक गुणस्तर कायम गर्न सुझाव दिइए पनि 'हुन्छ-हुन्छ' भन्दै टारेको जिल्ला अस्पतालका प्रमुख डा. नितु लामाले बताइन् । अक्सिजन प्लान्टको ट्रस कमसल बनाइएको भन्दै गुनासो आएपछि शुक्रबार मेयर भट्टराई, जिसस सदस्य दुर्गाप्रसाद घिमिरे, कांग्रेस जिल्ला सचिव ज्ञानेन्द्र जोशी, राप्रपाका अध्यक्ष ललितकुमार राई लगायतको टोलीले निरीक्षण गरेको छ ।

# आज बकर ईद



**काठमाडौं/मस-** मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (इदुल जोहा) आज देशभरका मस्जिदमा मनाइँदै छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर ईद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदान प्रदान गर्ने गरिएको छ ।

यस अवसरमा दरबार मार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्छ । हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले राससलाई जानकारी दिए ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर ईद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताए । जसले यो पर्व एवम् धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए । 'जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय (मदरसा) मा अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ', उनले भने ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । मक्का मदिना जान गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको छ । मक्का मदिना जान नपाउने हजयात्रीले समेत घर घरमै बकर ईद मनाउँछन् । यो पर्वको मुख्य उद्देश्य नै हज यात्रा हो । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिन्छन् ।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी(दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ ।

निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्न पर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ ।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लााह खुशी भएका थिएनन् । अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए । यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान(बलि) भएको थियो । कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता छ । यसै अनुसार आज पहिलो दिनको बकर ईद मनाइएको छ ।

मुस्लिम धर्मावलम्बीले मंगलबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ । यो पर्व मनाउने तीनै दिन कुर्बानी गर्नुपर्ने मुस्लिम धर्मावलम्बीको विधि रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले जानकारी दिनुभयो । यस अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ ।

### बालिका अपहरण

# २० लाख फिरौती माग्ने हुसैन पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ असार



रौतहटमा बालिका अपहरण गरी फिरौति माग्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहट इशनाथ नगरपालिका वडा नं. ७ बस्ने २४ वर्षीय महम्मद अविर हुसैन रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । गत बिहीबार साँझ खेल्दै गरेको अवस्थामा हुसैनले बालिकालाई अपहरण गरेका थिए ।

अपहरणपछि उनले बालिकाका आफन्तसँग २० लाख रुपैयाँ फिरौती मागेका थिए ।

बिहीबार साँझ एक्कासी छोरी बेपता भएपछि घर परिवारले खोजी गरिरहेको थियो । सो क्रममा अचानक अपहरण गर्ने युवकले नै बालिकाका आफन्तलाई फोन गरी छोरीलाई अपहरण गरी बन्धक बनाएको र बिस लाख रुपैयाँ राजपुर नगरपालिकाको इद्रिश गेटमा लिएर आउनु, यदि नल्याएमा र घटनाबारे प्रहरी अथवा अन्य कसैलाई खबर गरेमा बच्चाको ज्यान लिने समेत धम्की दिएका थिए ।

तर परिवारले सो घटनाका बारेमा प्रहरीलाई जानकारी गराएको थियो । बालिका अपहरणको जानकारी पाउनसाथ तत्कालै जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी टोली खटिएको थियो । टोलीले भनिएको इद्रिश गेटमा पुगी वरपर तथा बहुअर्वा मदर्सा अगाडिसम्म खोज तलास गरेका थियो ।

खोजतलास गर्दा पीडित नाबालिका राजपुर नगरपालिका वडा नं. १ बहुअर्वा मदर्सा अगाडि सडक छेउमा रहेको घुम्ती पसल नजिक बाँसले बनाएको खाटमा सुताई राखिएको अवस्थामा भेटिएको थियो ।

अपहरणमा संलग्न हुसेनलाई सोही राति नै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनले प्रयोग गरेको बिआर ०५ एफ ०२८२८ नंम्बरको भारतीय मोटरसाइकल समेत बरामद गरिएको छ । नाबालिकालाई उद्धार गरी तत्काल परिवारलाई जिम्मा लगाइएको छ ।

पक्राउ परेका हुसैनलाई अपहरण तथा शरिर बन्धक सम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट ५ (पाँच) दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक शुनिल मल्लले मध्यान्हलाई जानकारी दिए ।

# कर्णाली प्रदेश सरकार र प्रतिपक्षीबीच सहमति




**सुर्खेत/मस-** दुई सातायता अवरुद्ध कर्णाली प्रदेशसभाको गतिरोध अन्त्य गर्न प्रदेश सरकार र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) बीच चारबुँदे सहमति भएको छ । गत माघमा भएको सातबुँदे सहमति कार्यान्वयन नभएको भन्दै कर्णाली प्रदेशसभामा प्रतिपक्षीद्वारा जारी अवरोध हटेको छ ।

कर्णाली सरकार र प्रतिपक्षी एमालेबीच बजेट विवादका कारण अवरुद्ध प्रदेशसभा सञ्चालन गर्न सर्वदलीय सहमति भएको छ । सर्वदलीय बैठकले चारबुँदे सहमति गरेको हो । आगामी आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको बजेटमाथि प्रतिपक्षी एमालेले आपत्ति जनाएपछि प्रदेशसभाको बैठक दुई सातायता अवरुद्ध हुँदै आएको थियो ।

बजेट छलफलका क्रममा असार १२ गतेदेखि एमालेले प्रदेशसभा अवरुद्ध गरेको थियो । पटक–पटक सर्वदलीय बैठक बसेपनि विवाद समाधान हुन सकेको थिएन । शुक्रबारदेखि भने संसद् बैठक सञ्चालन भएको छ । सभामुख राजबहादुर शाहीको संयोजकत्वमा बसेको बैठकले प्रदेशसभा सञ्चालन गर्ने सहमति गरेको हो । चारबुँदे सहमतिमा रु १५ लाखभन्दा कम रकम विनियोजन गरिएका योजनाहरूका हकमा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका साना सिँचाइबाहेक अन्य नयाँ योजना कार्यान्वयन नगर्ने सहमति भएको छ । यस्तै निर्वाचन क्षेत्र पूर्वाधार विकास विशेष कार्यक्रमको सम्बन्धमा रिक्त रहेका निर्वाचन क्षेत्रमा सभामा प्रतिनिधित्व गर्ने दलहरूको सहमतिमा योजना छनोट गर्नेगरी कार्यविधि संशोधन गर्ने सहमति भएको छ । त्यसैगरी 'मुख्यमन्त्री रोजगार कार्यक्रम' को सम्बन्धमा प्रस्तावित योजनाहरू एकमुष्ट रूपमा फिर्ता लिने सहमति भएको छ ।

# 'चुनावमा हुने विकृति र विसंगति अन्त्यका लागि अभियान आवश्यक'




**काठमाडौं/मस**–प्रतिनिधिसभाका सभामुख अग्नीप्रसाद सापकोटाले निर्वाचनमा हुने सबै खालका विकृति र विसंगतिको अन्त्यका लागि अभियान नै संचालन गर्न युवाहरुलाई आग्रह गरेका छन्।

हालै सम्पन्न स्थानीय तह निर्वाचनमा पैसाको खोलो बगाउने जस्तो डरलाग्दो अवस्था आएको उल्लेख गर्दै सभामुख सापकोटाले त्यस्ता विकृति र विसंगतिको अन्त्य हुनेगरी अभियान संचालन गर्न युवाहरुलाई आग्रह गरेका हुन्।

शनिबार भक्तपुरको सानोठिमीमा आयोजित 'संघीय नमूना युवा संसद अभ्यास कार्यक्रम'को शुभारम्भ गर्दै उनले संघीय संसद र प्रदेशसभाको निर्वाचनमा सही, असल र इमान्दार उम्मेदवारलाई जिताउन पनि चुनावमा पैसाको खोलो बगाउनेजस्ता विकृति र विसंगतिको अन्त्य गर्न ढिलाई गर्न नहुने स्पष्ट पारे।

सभामुख सापकोटाले निर्वाचनमा हुने विकृति र विसंगतिको अन्त्य गर्न 'संघीय नमूना युवा संसद अभ्यास कार्यक्रम'ले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास समेत व्यक्त गरे। उनले शिरो ठाडो पारेर बाँच्नका लागि पनि युवाहरुले विचारद्वारा निर्देशित हुने कुरामा विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

## मधेस प्रदेश

# दुई विधेयक पारित




**जनकपुरधाम/मस–** प्रतिपक्षी दलको बहिष्कारका बाबजुद मधेस प्रदेशसभाको बैठकबाट प्रदेश सरकारको विनियोजन विधेयकसहित दुईवटा विधेयक शनिबार बहुमतले पारित गरेको छ। शनिबार बसेको प्रदेशसभा बैठकमा प्रदेशसभा सदस्यहरूले मन्त्रालयगत विनियोजित बजेटमाथिको छलफलका क्रममा उठाएका प्रश्नहरूको सम्बन्धित विभागीय मन्त्रीहरूले जवाफ दिएपछि सरकारको विनियोजन विधेयक, २०७९ बहुमतले पारित भएको हो।

जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको हत्याको शोक मनाउने सङ्घीय सरकारले निर्णय गरेको अवस्थामा आजको प्रदेशसभा बैठकमा शोक प्रस्ताव पारित गरी बैठक स्थगन गर्न माग गरिएको थियो।

सभामुख सरोजकुमार यादवले उक्त प्रस्तावमाथि पछि छलफल गरौंला भन्दै बैठकअघि बढाउन खोजेपछि प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नेकपा (एमाले)का प्रदेशसभा सदस्यहरूले आजको बैठक बहिष्कार गरी बैठक कक्षबाट बाहिरिएका थिए।

प्रतिपक्षी दलका प्रदेशसभा सदस्य बैठक कक्षबाट बाहिरिएपछि १५ मिनेटका लागि स्थगन भएको प्रदेशसभाको बैठक प्रतिपक्षी दलका प्रदेशसभा सदस्यहरूको अनुस्थितिमै पुनः सञ्चालन भएको थियो। सो बैठकमा प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतसहित सबै विभागीय मन्त्रीहरूले प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नहरूको जवाफ दिए।

मन्त्रीहरूको जवाफ सकिएपछि सभामुख यादवले प्रदेश सरकारको विनियोजन विधेयक २०७९ पारित भएको घोषणा गरे। प्रदेश सरकारका अर्थमन्त्री साहले गत असार १ गते प्रदेशसभा बैठकमा आगामी आव २०७९/८० का लागि रु ४६ अर्ब ८८ करोड नौ लाख ४६ हजारको बजेट प्रस्तुत गरेका थिए।

यस्तै मधेस प्रदेशसभाको आजैको बैठकले प्रदेशसभा सचिवालय सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ। बैठकमा मधेस प्रदेश सरकारका कानुन, न्याय तथा प्रदेश मामिलामन्त्री प्रमोदकुमार यादवले प्रस्तुत गर्नुभएको सो विधेयक पारित भएको सभामुख यादवले घोषणा गरे।

त्यस्तै बैठकले जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको हत्याप्रति शोक प्रस्ताव पारित गरेको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिए। प्रदेशसभाको अर्को बैठक आज बिहान ९ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

## स्थानीय तह निर्वाचन

# बुढीगंगामा एमालेको अग्रता



**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, २५ असार

बाजुराको बुढीगंगा नगरपालिकाको ६ वटा वडाको अन्तिम मत परिणाम सार्वजनिक भएको छ।

६ वडाको मतगणना सम्पन्न हुँदा नेपाली कांग्रेसले खाता खालेको छ। नेपाली कांग्रेस वडा नम्बर ८ मा निर्वाचित बनेको हो।

वडा नम्बर-८ मा नेपाली कांग्रेसका उम्मेदवार रमेश बहादुर रावल विजयी भएका छन्। नेकपा एमालेका उम्मेदवार विराज रावललाई पराजित गर्दै रमेश रावल वडा अध्यक्षमा विजयी भएका हुन्। मतगणना सम्पन्न भएका अन्य ५ वडामा भने नेकपा एमालेका उम्मेदवार विजयी भएका छन्।

वडानम्बर १ मा एमाले रणबहादुर थापा, वडा नम्बर-२ मा नेकपा एमालेका पदम बहादुर भण्डारी, वडा नम्बर-३ मा नेकपा एमालेका खडबहादुर अधिकारी, वडा नम्बर-९ मा मीनबहादुर सिंह र वडा नम्बर-१० मा एमालेकै दलबहादुर साउद डेभिड विजयी भएका हुन्।

बुढीगंगामा हाल सम्म ५ हजार ५ सय मत गणना भइसक्दा मेयर उम मेयरमा एमालेका उम्मेदवार फराकिलो मत अन्तरले अगाडि रहेका छन्। जिल्ला निर्वाचन कार्यालय बाजुराका प्रमुख नवराज अवस्थीका अनुसार बुढीगंगाको मेयरमा एमालेका उम्मेदवार राम बहादुर बानियाँ ३ हजार ३५१ मत सहित अग्र स्थानमा रहँदा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवारी दिएका रंगबहादुर खातीले १ हजार ७८९ मत ल्याएका छन्।

उप मेयरमा पनि एमालेकी माया कुमारी खड्का (कुँवर) ३ हजार २५८ मत सहित लिड गरिरहेकी छन् भने कांग्रेसकी उम्मेदवार रिता शाही (शाह)ले १ हजार ८६२ मत ल्याएकिछन्। बुढीगंगामा ९ हजार १२८ मते खसेको थियो।

**वडा नम्बर १ मा थापा र २ मा भण्डारी विजयी**

बुढीगंगा नगरपालिका वडा नम्बर २ को अध्यक्षमा नेकपा एमाले पदम बहादुर भण्डारी विजयी भएका छन्। उनी नेपाली कांग्रेसका उम्मेदवार नर बहादुर थापालाई पराजित गर्दै विजयी भएका हुन्। विजयी भण्डारीले ८ सय ३८ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका थापाले २ सय ३५ मत मात्र प्राप्त गरेका थिए।

यस्तै नगरपालिकाको वडा नम्बर १ को अध्यक्षमा एमालेका रण बहादुर थापा विजयी भएका छन्। उनी कांग्रेसका उम्मेदवार लोग बहादुर थापालाई पराजित गर्दै थापा वडा अध्यक्षमा विजयी बनका हुन्। विजयी थापाले ३ सय ५३ मत प्राप्त गर्दा उनका निकितम प्रतिस्पर्धी लोग बहादुरले ३ सय १८ मत प्राप्त गरेका थिए। नगरपालिकामा असार २३ गतेमा दोस्रो पटक मतदान भएको थियो। जिल्ला निर्वाचन अधिकारी नवराज अवस्थीका अनुसार १३ हजार ६ सय ५९ मतदाता रहेको नगरमा ९ हजार १ सय २८ मत खसेको थियो।

# दैलेख पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २५ असार

दैलेख जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ। शनिबार एक कार्यक्रमकाबीच स्वास्थ्य सेवा कार्यालय दैलेखले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको हो।

बालबालिकाले पाउनुपर्ने सबै प्रकृतिका खोप पाएकाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको स्वास्थ्य सेवा कार्यालय दैलेखका कार्यालय प्रमुख थिर प्रसाद रेग्मीले बताए। दैलेख जिल्लामा हाल ५ हजार २ सय जना बालबालिकालाई खोपको पहुँचमा ल्याएर पूर्ण खोप सुनिश्चितता तथा दीगोपना घोषणा गर्न सफल भएको उनले बताए।

पूर्ण खोप सुनिश्चिततासँगै यसको दिगोपना प्रभावकारी कार्यन्वयनमा विशेष ध्यान दिनुपर्ने जिल्ला समन्वय समितिका प्रमुख नवराज शर्माले जानकारी दिए। बालबालिकाले खोप पाउन स्थानीयस्तरका स्वास्थ्यकर्मी, स्वयम् सेविकाको महत्वपूर्ण भूमिका रहेको उनले बताए।

घोषणासँगै कार्यक्रमका सहभागीहरुले पूर्णखोप सुनिश्चता तथा दिगोपनाका लागि प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेका थिए। पूर्ण खोप सुनिश्चितता कार्यक्रममा जिल्ला नगरपालिकाका प्रमुख तथा उपप्रमुख गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष कर्मचारी, स्वास्थ्यकर्मी, पत्रकार लगायत सहभागी थिए।

# एमाले बझाङको अध्यक्षमा भण्डारी निर्विरोध निर्वाचित

**बझाङ/मस–** नेकपा एमाले बझाङको जिल्ला अध्यक्षमा दमन भण्डारी निर्विरोध निर्वाचित बनेका छन्। शनिबार भएको ८ औँ अधिवेशनबाट निर्विरोध निर्वाचित बनेका हुन्। भण्डारी अघिल्लो कार्यकालमा समेत अध्यक्ष थिए।

अध्यक्षबाहेक अन्य पदमा भने निर्वाचन हुने भएको छ। सचिव, उपाध्यक्ष, सहसचिवलगायत पदमा एकभन्दा बढी व्यक्तिको उम्मेदवारी परेको छ।

एमाले जिल्ला कमिटी सचिवका लागि नयन बोहरा, लोकेन्द्र हिलारी, लोकेन्द्र बहादुर सिंह (एलबी) र आनन्दलाल विक गरी चार जनाको उम्मेदवारी परेको छ। उपाध्यक्षमा मोहनराज जोशी र विरेन्द्रबहादुर खड्का गरी दुई जनाको उम्मेदवारी परेको छ।

यस्तै, उपसचिवमा भागरथिदेवी सिंह, लालबहादुर विष्ट, जुना जाग्री, घुरनबहादुर बोहरा र भुवनेश्वर उपाध्याय गरी पाँच जनाको उम्मेदवारी परेको छ।

१४ खुला सदस्यका लागि ३४ जना र आठ जना खुला महिला सदस्यका लागि १० जनाको उम्मेदवारी परेको एमाले जिल्ला निर्वाचन समितिका निर्वाचन अधिकृत दिनेश धामीले जानकारी दिए।

# ऊर्जामन्त्री भुसालद्वारा बहुउपयोगी कभर्ड हल उद्घाटन



**ललितपुर/मस**–ललितपुर महानगरपालिका-१४ नखिपोटमा बहुउपयोगी कभर्ड हल निर्माण गरिएको छ। सरकार र स्थानीयवासीको रु.दुई करोड ५० लाख लगानीमा निर्माण गरिएको सो कभर्ड हलको शनिबार एक कार्यक्रमबीच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले उद्घाटन गरेकी हुन्।

सो अवसरमा उनले स्थानीय जनताको सक्रियतामा निर्माण भएको कभर्ड हलको उपयोगबाट जनताको स्वास्थ्य सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिन्। मन्त्री भुसालले सो कभर्ड हलको उचित संरक्षण र मर्मतसम्भार गर्दै उपयोगमा ल्याउन आग्रह गरिन्।

'तीन तहका सरकारका समन्वयबाट जनतालाई सेवा दिने हो, त्यसका लागि निरन्तर पहल गरिरहेको छु', उनले भनिन्, 'आगामी दिनमा जनताको आवश्यकताअनुसार खानेपानी, सडकलगायत पूर्वाधार निर्माणलाई मैले प्राथमिकता दिनेछु।' मन्त्री भुसालले स्वदेशी उत्पादनको प्रवर्द्धन र उपयोग गर्दा नै राष्ट्रियता सबल हुने उल्लेख गर्दै स्वदेशमै उत्पादित कृषिजन्य वस्तुको उपयोगलाई बढवा दिनुपर्ने बताइन्।

कार्यक्रममा बागमती प्रदेश सांसद राजकाजी महर्जनले खेल र स्वास्थ्यलाई मध्यनजर गर्दै आफूले कभर्ड हल निर्माण गर्न सहजीकरण गरेको बताए। उनले ललितपुरमा एक दर्जन बढी त्यस्ता कभर्ड हल निर्माण सम्पन्न भएको समेत जानकारी दिए।

# वैशाखयता विपद्जन्य घटनामा ११८ को मृत्यु

**काठमाडौं/मस**-गएको वैशाखयता विपद्जन्य घटनामा ११८ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो बीचमा एक हजार ३४ विपद्जन्य घटना भएको र त्यसमा परेर ११८ को मृत्यु, एक बेपत्ता र २७१ घाइते भएको जानकारी दिएको छ।

प्राधिकरणका अनुसार सबैभन्दा बढी चट्याङबाट ४९ जनाको मृत्यु भएको छ। कूल १४० चट्याङ परेकामा ११७ जना घाइते भएको सार्वजनिक विवरणमा उल्लेख छ। प्राप्त विवरणमा आगलागीबाट १९, जनावरको आक्रमणबाट १२, पहिरामा परेर १५, बढीका कारण तीन र हावाहुरीका कारण नौ जनाको मृत्यु भएको हो।

ती घटनाबाट एक हजार ३४७ परिवार प्रभावित भएका छन् भने रु ६६ करोड ५९ लाख बढीको क्षति भएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०३/२६**

**सनलाइट क्याफे प्रा.लि**को मिति २०७७/१०/१३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नटराज इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** (Natraj International Trading Pvt. Ltd.) **(प्रा. लि. नं.: २०१८०३**, कायम गर्ने गरी मिति २०७९/०३/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन भएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०३/२६**

**शनि ग्लोबल ट्रेड प्रा.लि.**को मिति २०७८/१०/०३ गतमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **शनि हाउजिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: २३५२५४)**, र परिवर्तित ठेगाना गोकर्णेश्वर न.पा.–४, काठमाडौं, बागमती कायम गर्ने गरी मिति २०७९/०२/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०३/२६**

**मदर्श आइ.टि. एण्ड एजुकेशन इन्स्टिच्युट प्रा.लि.**को मिति २०७९/०२/१५ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्लोबल आई एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा. लि. नं.: २८७१०५)**, कायम गर्ने गरी मिति २०७९/०२/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कतार र साउदीमा रोजगारको अवसर | १. कम्पनीः THE AFGHAN MANDY शहरःDOHA**

पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००२ L.T. No.: 267058

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Adminstration Coord | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | ८६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Account Manager | 1 | 0 | | 5700 | १,९६,३०८ | | | | | | | |
| 3. | Waiter | 3 | 0 | | 1400 | ४८,२१६ | | | | | | | |
| 4. | General Cleaning Worker | 0 | 1 | | 1000 | ३४,४४० | | | | | | | |

**२. कम्पनीः Khalid Sanhat Eid Al Otaibi Factory for Cement Products शहरःSaudi**

पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००१ L.T. No.: 267038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६०,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | FACTOR | 1 | 0 | | 1200 | ४०,४४० | | | | | | | |
| 3. | General Electrician | 1 | 0 | | 1300 | ४३,८१० | | | | | | | |

**३. कम्पनीः Yakyaki Kabab Resturant शहरःQatar**

पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००४ L.T. No.: 267060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker | 1 | 0 | | 1300 | ४४,७७२ | | | | | | | |

**४. कम्पनीः Wagyu Butchery शहरःQatar**

पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००३ L.T. No.: 267059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १ गते (17 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**कुवेतमा रोजगार | Company : THE RUNWAY LADIES BEAUTY SALON COMPANY City : KUWAIT**

पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३००५ LT. No.: 266713

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure Pedicure | 0 | 10 | सम्बन्धित काममा दक्ष | 180 | ७४,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 7 | | 180 | ७४,०२५ | | | | | | | |
| 3. | Cleaner | 0 | 3 | | 130 | ५३,४६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १ गते (17 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोनः ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११

मध्यान्ह
www.madhyanhadaily.com
२६ असार २०७९, आइतबार
10 July 2022, Sunday

## सम्पादकीय

# श्रीलंकाको सन्देश

दक्षिण एसियाली मुलुक श्रीलंकाका राष्ट्रपतिको कार्यालय शनिबार प्रदर्शनकारीले कब्जामा लिएका छन् । कोलोम्बोस्थित राष्ट्रपति कार्यालय कब्जामा लिएर राष्ट्रपति गोटाबाया राजापाक्षेलाई घर फर्कन भनिएको छ । राष्ट्रपति राजापाक्षे भने सुरक्षित रहेपनि कहाँ छन् भन्ने चाहिँ नखुलेको त्यहाँका सञ्चारमाध्यमहरूमा उल्लेख छ । अभाव र मूल्य बृद्धिको विरोधमा शनिबार आयोजित प्रदर्शन रोक्न कर्फ्यू नै लगाइएको थियो । तर प्रदर्शनकारी रोकिएनन् । प्रदर्शनलाई विपक्षी दल, ट्रेड युनियन लगायत संस्थाको समर्थन मिलेपछि राष्ट्रपति कार्यालय कब्जामा लिए । राष्ट्रपतिको वेडरूममा पुगेर प्रदर्शनकारीले सेल्फी लिनेदेखि स्वीमिङ पुलमा नुहाएको तस्वीरहरू सञ्चार माध्यमहरूमा सार्वजनिक भएको छ । सम्भावित प्रदर्शन रोक्न लगाइएको कर्फ्यू हटाउन सरकारलाई बाध्य बनाएको प्रदर्शनले श्रीलंकामा थप संकट निम्तिएको छ ।


यसअघि नै प्रधानमन्त्री पदबाट महिन्दा राजापाक्षेले राजीनामा दिएका थिए । उनको राजीनामापछि रनिल विक्रमासिंघे श्रीलंकाका प्रधानमन्त्री छन् । रनिल पनि राजीनामा दिन तयार छन् । तर प्रदर्शनकारीले भने श्रीलंकामा देखिएको अहिलेको संकटको जिम्मेवार राष्ट्रपति राजापाक्षे रहेको भन्दै राष्ट्रपति कार्यालय कब्जामा लिए । राष्ट्रपति कार्यालय कब्जामा लिएकाले श्रीलंकाको संकट सहज देखिदैन । प्रधानमन्त्री रनिलले भने सर्वदलीय सरकार बनाउन तयार रहेको बताएका छन् । प्रधानमन्त्री सर्वदलीय सरकार बनाउन तयार हुनु, राष्ट्रपति कार्यालय कब्जापछि राष्ट्रपति राजापाक्षे लुक्न बाध्य हुनुले त्यहाँको राजनीतिक कोर्स बदलिने संकेत प्रष्ट हुन्छ ।

तर यतिले मात्रै श्रीलंकाको संकट सहजै समाधान हुने देखिदैन । किनकि श्रीलंका गम्भीर आर्थिक संकटमा फसेको छ । बढ्दो आर्थिक संकटका कारण खाद्यन्न, इन्धनदेखि औषति अभाव चर्को छ । अत्यावश्यकीय वस्तुको चरम अभाव र मूल्यबृद्धिप्रति नागरिकसँग विरोध त गरिरहेका छन्, तर निकासको विकल्प सजिलो छैन । अर्थात् संसारभर देखिएको आर्थिक संकटको चरम रूप भने श्रीलंकामा देखिएको छ । श्रीलंकाले आफू मात्रै संकटमा फसेको र राष्ट्रपति कार्यालय नै कब्जा हुनु पुगेको सन्देश दिएको छैन, अन्य मुलुकहरूलाई पनि सचेत गराएको छ । निर्यात भन्दा आयात बढी गर्ने, तर वैदेशिक रोजगार र रेमिट्यान्स प्रमुख स्रोत बनेको मुलुकहरूले श्रीलंका घटनालाई गम्भीर रूपमा लिन आवश्यक छ । सत्ता त आउँछन्, जान्छन्, तर मुलुक सामुन्ने आउन सक्ने संकटको समाधान समयमा गर्न सकिएन भने अर्को श्रीलंका बन्न हरेक मुलुक तयार हुनुपर्नेछ । मुलुकलाई सामान्य अवस्थामै राख्न र सम्भावित आर्थिक संकटबाट बच्नेतर्फ ध्यान दिनु हाम्रो देशको पनि दायित्व हो ।

# चतुर्मासको आरम्भ र हरिशयनी एकादशी

*कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ । नित्य र निस्काम व्रतको प्रभावले झन् बढी उद्देश्य सफल बन्ने हुन्छ । एकादशी व्रतले निरोगी मात्रै बनाउँदैन सुखी र समृद्धशाली पनि बनाउँछ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

२०७९ आषाढ २६ गते आइतबार हरिशयनी एकादशी, तुलसी रोपणका साथ आषाढ शुक्ल हरिशयनी एकादशीदेखि आरम्भ भई चतुर्मासको व्रतसमेत आरम्भ भएको छ । यो कम अब वैकुण्ठ चतुर्दशी पर्यन्त रहने र कार्तिक शुक्ल एकादशी भने हरिबोधिनी एकादशीको व्रत पूजा कार्तिक १८ गते परेको छ यसपालि । 'शयनी'को अर्थ सुत्ने र 'बोधिनी'को अर्थ जागा रहने हुन्छ । मानव जीवन पनि सुषुप्त र जागृत अवस्थाको हुन्छ, एकलाई ज्ञान र अर्कोलाई अज्ञानता भनिन्छ । बोधिनी भन्नाले ब्यूँझने भनौं जलाशयी भगवान सुतल लोकमा सुतेर भाद्र शुक्ल एकादशी हरिपरिवर्तनी भनौं कोल्टो फेर्दै कार्तिक शुक्लमा उठेर धाम जाने अर्थमा असारदेखि कार्तिकको समय धर्तीका मानिसहरुका लागि पुण्यदायी दिनका रूपमा लिइन्छ । सुतल लोकमा बलिका ढोकामा आषाढमा शयन अर्थात् सुतेका श्रीविष्णु ब्युँझेर बैकुण्ठतिर लाग्ने दिन कार्तिकमा । यतिबेला चार महिनासम्म घर आँगनीमा पूजा गरी सजाइएको तुलसीको बिहे स्वयम् श्रीविष्णुसँग गराइने हाम्रो धार्मिक मान्यता रहेको छ । देशको राजधानी उपत्यकामा रहेका भक्तपुरको चाँगु नारायण, ललितपुरको विशंखु नारायण, काठमाडौंको फर्पिंगस्थित शेष नारायण अनि स्वयम्भू पछाडिका इचँगु नारायणको दर्शन गर्न जाने भक्तहरुको भीड नै देखिन्छ, चारै महिनाभरि र विशेष गरी एकादशीहरुमा । त्यस्तै शिर भाग मानिएको शिवपुरीको काखैमा रहेको बूढानीलकण्ठमा भक्तहरुको पाइला राख्ने ठाउँ हुँदैन । पूर्वीय धर्म दर्शनप्रति हुरुक्क हुने नेपालीहरुको अत्यन्तै यस्ता विभिन्न पवित्र क्षेत्रहरु विश्व सम्पदा सूचीमा समेत परेका छन् । अत्यन्तै ठूलो पुण्य प्राप्त भई मानव मात्रले मानवीय सेवामा समर्पित हुन सिकाउने एकादशीको उदय र महत्व बारे शब्दले वर्णन गर्न भने कठीन छ । शयनीमा तुलसीको विरुवा रोपेर घर आँगनी सजाइन्छ भने ठूलो स्थान नहुनेले तुलसीको मोठ बनाउन नसक्नेले गमलामै भए पनि रोपण गर्ने गर्छन् भने तुलसीको बीउ भनौं दल रोपिने एकादशी निर्जला एकादशी जेठ शुक्लमै पर्छ ।

सृष्टिको उषाकालमा ब्रह्माजीको अंश, वंशमा तालजङ्घ असुरको उदय भयो । उसको पुत्र मुर दानवको उदयले संसारलाई भयभीत बनायो । देवताहरु राज्यच्यूत भए । शिव आज्ञाले श्रीविष्णुले मुर दानवलाई बध गर्ने आदेश दिँदा श्रीविष्णु नै युद्धक्षेत्रमा पराजित भई भारतीय क्षेत्र बदरीकाश्रमको सिँहावती गुफामा सुत्नु पर्ने भयो । शयन गरिएका विष्णुका शरीरबाट सम्पूर्ण तेजसहितको एक कन्याको उदय भयो । ती कन्यासँग सम्पूर्ण शस्त्र अस्त्रदेखि युद्ध कलाको सम्पूर्ण ज्ञान थियो । ती कन्या त्यही मुर दानवसँग युद्ध गर्न लागिन् । नृशंस र संहारकारी मुर दानव पराजित भयो तिनै कन्याबाट ! श्रीविष्णु पनि आफू जागा भएर ती कन्यालाई वरदान माग भन्दा उनले आफ्नो नाम एकादशी रहनु पर्ने र तीर्थमा श्रेष्ठ, विध्ननाशक, सिद्धिदाता, धन, धर्म, मोक्षको कारक भई मानवलाई चाहेअनुसारको सिद्धि दिन सकूँ भन्ने वरदान मागेकीले "हुन्छ" भन्ने श्रीविष्णुको आदेशअनुसार सत्ययुगदेखि नै एकादशीको उदय र महत्व बढ्दै आएको हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरिमा चौवीसवटा र पुरुषोत्तम माससमेत दुईवटा गरी जम्मा २६ वटा हुन्छन् । त्यसमध्ये तुलसीरोपण एकादशीको नामले चिनिने एकादशी भने जेष्ठशुक्ल एकादशी "निर्जला" एकादशी भने जेठ महिनामा पर्छ । तुलसीको मञ्जरीदल छर्ने एकादशी पनि भनिन्छ यस दिनलाई ! सामान्यतयाः द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्यदिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि स्पर्ष



*महिनामा एक/दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता मेटाबोलिजम सिष्टम राम्रो भई शरीर निरोगी हुन्छ । आयुर्वेदले पनि पाचन प्रणाली बिग्रँदा सबै किसिमका रोगको उदय हुने बताएको छ । हिजो आजको वातावरण र जङ्कफूड, फाष्टफूड र पेय पदार्थहरुले हाम्रो स्वास्थ्यलाई कहाँ पुऱ्याएको छ ? सबैलाई थाहै छ । त्यसकारण एकादशी उपासना गर्नु धार्मिक मात्रै नभई वैज्ञानिक दृष्टिकोणले पनि अर्थपूर्ण छ ।*

भएको एकादशीलाई त्रिस्पृशा एकादशी भनिन्छ । यस्तो पर्व परेमा अन्य एक हजार वटा एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ । एकादशीमा दिन या रात उपासना गर्नाले ब्रह्महत्या, गोहत्यासम्मको दोषबाट मुक्ति पाइने र सयौं अश्वमेधयज्ञ गरेको समेत फल पाइने कुरा शास्त्रमा उल्लेख छ । शुक्लपक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ । यस्तो नक्षत्र विशेषको एकादशी परेमा १ वर्षसम्म नित्य १ पाथी तिल दान गरेको वा एकहजार एकादशीको उपवास गरेको पुण्य प्राप्त हुन्छ । कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरु पहिल्याई पुण्य लुट्ने प्रयास गर्नु सर्वोत्तम हुन्छ । एकादशीमा फलाहार, जलाहार वा निराहारबाट उपासना गर्ने गरिन्छ । एकादशी सकेमा जलसमेत ग्रहण नगरेर गरिने उपासना हो । नखाएर मात्रै व्रत उपासना हुने भने होइन । मुख्यकुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै नै उपासनाका स्वरूपहरु हुन् ।

एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप)हरु बस्ने भएकाले अन्न नै ग्रहण गर्नुपरे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ । महिनामा एक/दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता मेटाबोलिजम सिष्टम राम्रो भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ । हिजोआज खाद्य संकट झेलिरहेको संसारले यो बुझ्न जरुरी छ । आयुर्वेदले पाचन प्रणाली विग्रँदा सबै किसिमका रोगको उदय हुने बताएको छ । हिजो आजको वातावरण र जँकफूड, फाष्टफूड र पेय पदार्थहरुले हाम्रो स्वास्थ्यलाई कहाँ पुऱ्याएको छ सबैलाई थाहै छ ।

व्रतको प्रभाव भने मनको दृढ संकल्प नै हो, मनोबल वृद्धि हो, चित्तशुद्धि हो, धर्म परायण र सात्विकभावको विकास हो । सत्य, धर्म, सदाचार व्यक्ति, समूह, समुदायबाट समग्र राष्ट्र निर्माणमा सहयोग पुग्छ । मनोमालिन्य र द्वन्दपूर्ण व्यक्ति र समाज भए भने मुलुक भनौं वा राष्ट्र अथवा पूरै ब्रह्माण्ड नै उजाड बन्ने कुरामा पनि दुई मत छैन । हिरोसिमा, नागाशाकी, ट्वीन टावर वा अन्य टाढा जानु पर्दैन, विगतको अफगानिस्तान र हालको रसिया र युक्रेनलाई हेर्दा हुन्छ । देवत्वभावले दानपारमिताले सबैको संरक्षण हुन्छ । वैदिक चिन्तनको स्रोत भूमि नेपालमा रहेको धर्म, संस्कृतिको आज अन्य मुलुकहरुले पनि अनुसन्धान, अध्ययन गर्दैछन् । भावना शुद्ध गरी कार्य गरेमा त्यस्तै योजना, उद्देश्य, रणनीति, कार्यक्रमसँग सहभागी हुन सकेमा समग्र मुलुकको आर्थिक विकास छिटो र समानुपातिक पनि हुन सक्छ । हामी सबैले चाहेको शान्ति र अमनचयन त स्वतः हुन्छ नै । देशमा शान्ति र अमनचयन छ, सबै निर्धक्क छन् भने राज्यले हात हतियार वा आपराधिक कृयाकलापविरुद्ध ठूलो रकम खर्च गर्नु पर्दैन त्यसमा गरिने खर्च सजिलै विकास निर्माणतिर लगाउन सकिन्छ । देशमा राम राज्य भई हाल्छ, करको नाममा जनताको ढाड सेक्नु पनि पर्दैन । सुरक्षाकै लागि ठूला-ठूला बुलेट प्रुफ गाडी, यानहरुको आवश्यकता पर्दैन । हाम्रै गरीब र अल्प विकसितमा जेठो गनिने देशमा नरेन्द्र मोदीदेखि सि जिनपिंगसम्मको भ्रमणमा भएको सुरक्षा सावधानीबारे सबैलाई जगजाहेरै छ । हाम्रै धरोहर चाडपर्व दशैं तिहारमा सुरक्षा चुनौति देखिएकै हो । हाम्रै जनकपुरमा त्रेतायुगमा सुन जुहारतमा साँचो ताल्चा लाउन नपर्ने, औषधिका नाममा सामान्य सिटामोलसम्म प्रयोग गर्नु नपरेको रामायणमा लेखिएको छ ।

काम्य र नित्य गरी व्रतको दुई स्वरूप छन् । उद्देश्य एवम् कामनापरक काम्य उपासना हुन्छ । कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ । नित्य र निस्काम व्रतको प्रभावले झन् बढी उद्देश्य सफल बन्ने हुन्छ - कारण मानिसलाई आवश्यक भुक्ति र मुक्ति दुवै प्राप्त हुन आवश्यक छ, जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ । एकादशी व्रतले निरोगी मात्रै बनाउँदैन सुखी र समृद्धशाली पनि बनाउँछ । जुवा, कुभाषण, मिथ्या, पर निन्दाबाट टाढा हुन्छ । चोरी, हिँसा, क्रोधबाट टाढा हुन्छ भने आवेग र तनावरहित जीवन सञ्चालन हुने हुँदा व्यक्ति, समाज र पूरै राष्ट्र शान्त र समृद्ध हुन्छ । एकादशीको दिन बिहानै तुलसीको र श्रीविष्णुको विशेष पूजा गरिन्छ । तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ । कुश, तुलसी, पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेहरुका लागि जीवनको हृदयझैं महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ ।

## सामाजिक सञ्जाल




**- डम्मर खतिवडा**

नयाँ शक्ति गठन हुँदा रंगशालामा लागेको भीड होस् कि गत स्थानीय चुनावमा रञ्जु-किशोरले पाएको भोट, गत आमचुनावमा विवेकशील साझाले झण्डै काटेको थ्रेसहोल्ड वा यसपाली वालेनप्रतिको आकर्षक-यी फरकफरक तरिकाले जनताले बैकल्पिक राजनीति खोजेका प्रमाण हुन् । तर, यसका नेता, अभियन्ताले कति न्याय गर्न सके त ?



**- कमल पौडेल**

प्रदेश खारेज भयो भने देश अगाडि बढ्ने होइन, यति सानो मुलुकमा आठ वटा राष्ट्रपति (प्रदेश प्रमुख सहित) आठ वटा प्रधानमन्त्री, आठ सय ८६ सांसद पाल्नको लागि जनताको ढाड सेक्ने गरि करमाथि कर लगाउने त्यसले पनि नपुगेर वार्षिक पाँच खर्ब ऋणको भार जनतालाई बोकाएर अझै कति दिन पाल्ने यो तीन तहको संघीयता ?




**- मुमाराम खनाल**

सबै राजनीतिक दलहरू परिवारवादले जकडिएका छन् । कांग्रेस, एमाले र माओवादी सबै उस्तै छन् । राजनीतिको यही निर्लज्जताबाट हैसिएर वर्तमान दल र नेतृत्वसँग मोहभंग भएको, राजनीतिक महत्वाकांक्षा भएको र राजनीतिलाई भावनाको अति सरल सुत्रमा बुझ्ने ठूलो जमात राजनीतिक 'निर्लज्जता-४' मा अवतरण गरेको छ ।



**- लोकमणि पौडेल**

नेपाली भाषालाई विभक्ति जोड्न बनारसी गुरूहरूले सिकाएका हुन् । हिन्दीले त्यो बेला विभक्ति जोड्थ्यो । विभक्ति जोड्ने हिन्दी धार साँघुरिँदै गएको छ । नेपालीबाट विभक्ति अलग गर्न सिकेको हिन्दी धार भने फुक्दै गइरहेको छ । हिन्दीबाट विभक्ति जोड्न सिकेको नेपाली भाषिक अराजकताको शिकार भएको छ ।



**- बाबुलाल भण्डारी**

राजा ज्ञानेन्द्रको ०६३ वैशाख ११ को घोषणा "मैले ड्राफ्ट गरेको हुँ" भन्ने दाबी आएपछि "जनताको नासो फिर्ता गरेको" त्यस्तो शाही घोषणा खासमा क. भरत मोहनले खेस्रा गरेका कुरा आए । मैले गरेको हो भन्नेले कतै "म टुलुटुलु हेरेर बस्ने राजा होइन" भन्ने ०६१ माघ १९ को घोषणा पो लेखिदिएका थिए कि ?

महाबु गाँउपालिका, दैलेखकी उपाध्यक्ष मञ्जु पाण्डे जनतालाई सेवा प्रवाह गर्न लागि आफु लागि पर्ने बताउँछिन् । जनताको जीवनस्तर सुधार्नको लागि जस्तोसुकै चुनौतीको सामना गरेर भएपनि काम गर्न आफु तयार भएको बताउने उपाध्यक्ष पाण्डे जनताको जीवनस्तर परिवर्तन र महाबु गाँउपालिकालाई समृद्ध बनाउन लागि पर्ने उनको प्रतिबद्धता छ । निर्वाचित भईसकेपछि गाउँपालिकाको विकास योजनाहरुका बारेमा, आगामी पाँच वर्षे कार्यकालको सम्भावित रणनीति आदिका बारेमा पाण्डेसँग मध्यान्हकर्मी **यामराज बिष्ट**ले गरेको कुराकानीका सम्पादित अंश :

**तपाईं निर्वाचित भईसकेपछि पालिकाको विकासका लागि कुन क्षेत्रलाई बढी प्राथमिकता दिने योजनामा हुनुहुन्छ ?**

जनताले जनप्रतिनिधिका रूपमा विभिन्न जाति, समुदाय र समाजका समस्या समाधानका लागि आशा गरेर जिताउनु भयो । भोट दिनुभयो । स्थानीय तहमा स्थानीय सरकारमार्फत विकास हुनेमा विश्वास लिनुभयो । महाबु गाउँपालिकाको आवश्यता त सबै छ तर कृषि, यातायात र स्वास्थ्यमा बढि जोड दिने सोचमा छु ।

**गाउँपालिकामा आउने सेवाग्राहीले भनेजस्तो सेवा भएन भन्ने गुनासो छ, काम छिटो छरितो भएन भन्ने छ । यसलाई तपाईं कसरी लिनुहुन्छ ?**

सेवाग्राहीले कस्तो काम लिन आउनु भएको छ त्यसमा भर पर्छ । सेवाग्राही आफैमा कागजात नलिई अपुरा काम लिएर आउने गरेको पाइन्छ । फेरि यो समय भनेको धेरै सेवाग्राहीलाई सेवा दिनुपर्ने भएकोले अलि समय लाग्न सक्छ तर, हैरानी हुनुपर्ने खासै कारण देखिँदैन ।

**सेवाग्राहीले काम गरेअनुसार भूक्तानी भएन भन्ने गुनासो छ नि यसमा के भन्नुहुन्छ ?**

त्यस्तो कुरा आएको छैन । काम गरेको सबै उपभोक्ताले सहजै भूक्तानी लिनुभएको छ । कुनै योजना अनुगमन नभएको खण्डमा हेरेर मात्रै भुक्तानी दिने गरिएको छ । सम्पन्न नभएको योजनाको हकमा छिटो काम गर्नलाई समितिलाई खबरदारी भएको छ ।

**आगामी दिनमा महाबु गाउँपालिकालाई विकास, यातायात, कृषि क्षेत्रमा समृद्ध र आत्मनिर्भर बनाउन के-के योजना बनाउनु भएको छ ?**

म सधैं जनताको हक, हितको लागि राजनीतिमा लागेको र जीवनभरी जनताको सेवा गर्न पछि नहटने व्यक्ति हूँ । महाबु गाउँपालिकाका छ वटै वडाहरुमा सहजरूपमा सवारी साधन पुऱ्याउने लक्ष्य रहेको छ । युवाहरुलाई पशुपालन र कृषिमा जोड दिएर व्यवसायी बनाउने, सफा खानेपानीको पहुँच पुऱ्याउने र सबै वडाहरुमा बिजुलीबत्ती लाइन विस्तार गर्ने र पर्यटकीय क्षेत्रको रूपमा चिनाउने योजना बनाएकी छु । विकासको लागि आफु हर सम्भव लागि परेको र यस कार्यमा महाबुबासीहरुलाई पनि साथ दिन आग्रह गर्छु । समृद्धि निर्माण गर्नका लागि नागरिक समृद्ध बन्नु पर्दो रहेछ । त्यसका लागि शिक्षा, कृषि र स्वास्थ्य अनिवार्य छ । हामी यी कुराहरूमा विशेष प्राथमिकता दिएर लागेका छौं । स्वास्थ्य, शिक्षा र कृषिको क्षेत्रमा पर्याप्त बजेट दिने लक्ष्य छ ।




# 'महाबुलाई पर्यटकीय क्षेत्रको रूपमा चिनाउने योजना छ'

मञ्जु कुमारी शर्मा (पाण्डे)
उपाध्यक्ष, महाबु गाउँपालिका, दैलेख

*महाबु गाउँपालिका धेरै सम्भावना बोकेको ठाउँ हो । तर, हामीले सम्भावनालाई प्रयोग गर्न सकेको छैनौं जस्तो लाग्छ । अबको पाँच वर्ष पछि पर्यटकीय महाबुलाई स्वच्छ, सुरक्षित, हरियो, आत्मनिर्भर र समृद्ध भएको देख्न पाइन्छ । गाउँपालिकाकाले जसको लागि विशेष गुरुयोजना बनाएरै काम गर्दैछ ।*

**अहिले र पाँच वर्ष पछिको महाबुबीच गाउँबासीले कस्तो फरक महसुस गर्न पाउलान् त ?**

महाबु गाउँपालिका धेरै सम्भावना बोकेको ठाउँ हो । तर, हामीले सम्भावनालाई प्रयोग गर्न सकेको छैनौं जस्तो लाग्छ । अबको पाँच वर्ष पछि पर्यटकीय महाबुलाई स्वच्छ, सुरक्षित, हरियो, आत्मनिर्भर र समृद्ध भएको देख्न पाइन्छ । गाउँपालिकाकाले जसको लागि विशेष गुरूयोजना बनाएरै काम गर्दैछ ।

**अन्त्यमा केही भन्नु छ ?**

तपाईंको मिडियामार्फत समृद्ध र सुन्दर गाउँपालिका बनाउनका लागि सबैको सहयोग रहोस् भन्ने अपिल गर्न चाहन्छु । काम गर्दा समय लाग्छ, त्यसैले सबले धैर्य गरेर विकासको ढोका पर्खन आग्रह गर्दछु । गाउँपालिकाको विकासको लागि म रातदिन लागि परेको छु ।

# श्रीलंकामा गहिरियो संकट
# प्रदर्शनकारी राष्ट्रपति निवासमै प्रवेश



**काठमाडौं /एजेन्सी-** हजारौं आक्रोशित प्रदर्शनकारी आफ्नो निवासमा प्रवेश गरेपछि श्रीलंकाका राष्ट्रपति गोटावाय राजापाक्ष आफ्नो निवासबाट बाहिरिएका छन् । शनिबार निवास बाहिर प्रदर्शन चर्किएपछि उनी सुरक्षित स्थानतर्फ प्रस्थान गरेको डेलि मिरर दैनिकले जनाएको छ । राष्ट्रपति निवासको सुरक्षा स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै राजधानीका विभिन्न भागमा निषेधाज्ञा जारी गरेको छ ।

यसैबीच श्रीलंकाका प्रधानमन्त्री रनिल विक्रमासिंघेले आफूले राजीनामा दिन तयार रहेको बताएका छन्। आन्दोलनकारीले राष्ट्रपति कार्यालय कब्जामा लिएपछि सर्वदलीय बैठक बोलाएका प्रधानमन्त्री विक्रमासिंघेले राजीनामा दिन र सर्वदलीय सरकार गठनका लागि बाटो खोल्न तयार रहेको बताएका हुन् ।

यसअघि आन्दोलनकारीहरुले विरोध प्रदर्शन गर्ने तयारी गरिरहेका बेला त्यसको पूर्वसन्ध्यामा प्रशासनले कर्फ्यु आदेश जारी गरेको थियो । स्थानीय समय अनुसार शुक्रबार राति ९ बजेदेखि अर्को सूचना जारी नगरेसम्म कर्फ्यु आदेश कायमै रहने प्रशासनले जनाएको छ। प्रहरीका अनुसार नेगोम्बो, केलानिया, नुगेगोडा, माउन्ट लाभिनिया, उत्तर कोलम्बो, दक्षिण कोलम्बो र मध्य कोलम्बोमा कर्फ्यु आदेश जारी गरिएको हो । कर्फ्यु कार्यान्वयनका लागि ठूलो संख्यामा सुरक्षाकर्मीहरु परिचालित भएका छन् ।

राष्ट्रपति गोटावाया राजापाक्षले मुलुकको संकट समाधान गर्न नसकेकाले पदमा बसिरहन नमिल्ने भन्दै उनको राजीनामाको माग गर्दै शनिबार विरोध प्रदर्शन गरेका हुन्। उनले आर्थिक संकट, इन्धनको अभाव, मूल्य वृद्धि न्यूनिकरण गर्न नसकेकोले पदमा बसिरहनुको औचित्य नरहेको प्रदर्शनकारीको भनाइ छ । आफ्नो जिम्मेवारीमा असफल भएकाले उनले तत्काल राजीनामा दिनुपर्ने प्रदर्शनकारीले माग गरेका छन्। उनले राजीनामा दिएमा अर्को व्यक्तिले संकटको समाधान गर्ने उनीहरुको विश्वास छ ।

श्रीलंकामा आर्थिक संकटसँगै राजनीतिक संकट पनि उत्पन्न भएको छ। आर्थिक संकटका कारण रुष्ट आम नागरिकको विरोधका कारण तत्कालीन प्रधानमन्त्री महेन्दा राजापाक्षले पनि राजीनामा दिन बाध्य हुनु परेको थियो।

महामारी, बढ्दो ऊर्जा मूल्य अनि लोकप्रियतावादी कर छुटजस्ता कारणहरूले गर्दा श्रीलंकाको अर्थतन्त्र संकटमा परेको देखिन्छ। विदेशी मुद्राको निरन्तर अभाव तथा अकासिएको महँगीले त्यहाँ औषधि, इन्धन तथा अत्यावश्यक वस्तुहरूको चरम अभाव भइरहेको छ ।

पछिल्ला साताहरूमा त्यहाँ ठूल्ठूला प्रदर्शनहरू भए । राष्ट्रपति गोटबय राजपक्ष तथा उनका परिवारविरुद्ध लक्षित प्रदर्शनहरू कहिलेकाहीँ हिंसात्मक पनि भए । सात दशकभन्दा लामो अवधिमा देखा परेको सबैभन्दा नराम्रो आर्थिक संकट समाधान गर्ने राजपक्षका प्रयासहरू सफल हुन सकेका छैनन् । उनले भारत र चीनसँग आर्थिक सहयोग लिएर इन्धन, विद्युत्, खाद्यान्न र अन्य अत्यावश्यक सामानको अभाव हुन नदिने प्रयास गरेका थिए ।

आइतवार ऊर्जामन्त्री कञ्चन विजेशेकरले नियमित मागअनुसार वितरण गर्ने हो भने देशमा भएको पेट्रोल एक दिनलाई पनि नपुग्ने बताएका थिए। इन्धन तेल जोगाउने उद्देश्यले गत साता सरकारले अत्यावश्यक सेवाका बाहेक अन्य सवारीसाधनलाई पेट्रोल र डिजेल बेच्न रोक लगाएको थियो ।

कोभिड महामारी र आर्थिक अव्यवस्थाका कारण श्रीलंकाको विदेशी मुद्राको सञ्चिति घटेको थियो। विदेशी मुद्रा नहुँदा विदेशबाट सामान आयात गर्न पनि समस्या उत्पन्न भएको हो । तीस दिनको थप समय पाएको भए पनि गत मे महिनामा पहिलो पटक श्रीलंका ऋण तिर्न विफल भएको थियो ।

देशलाई आर्थिक संकटबाट उद्धार गर्न अहिले श्रीलंका सरकार र अन्तर ाष्ट्रिय मुद्राकोष आईएमएफबीच तीन अर्ब पाउन्ड सहयोग उपलब्ध गराउने विषयमा वार्ता भइरहेको छ। इन्धन र अन्य वस्तुको आपूर्ति सहज नभएकाले अहिले महँगी चुलिएको छ ।

बिहीवार श्रीलंकाको केन्द्रीय बैंकले आधारभूत ब्याजदर एक प्रतिशतले वृद्धि गरिदिएको छ । बैंकले दिने ऋणको ब्याजदर १५.५ प्रतिशत पुगेको छ भने निक्षेपका लागि १४.५ प्रतिशत ब्याज तोकिएको छ। यो २१ वर्षकै सर्वाधिक ब्याजदर हो । वार्षिक मुद्रास्फीति अहिलेसम्मकै उच्च देखिएको छ । खाद्यपदार्थको मूल्य ८० प्रतिशतले बढ्दा मुद्रास्फीति ५४.६ प्रतिशत पुगेको छ।

# अमरनाथमा आँधीका कारण १६ जनाको मृत्यु



**काठमाडौं /एजेन्सी-** भारतको अमरनाथको पवित्र मन्दिर नजिकै शुक्रबार अपराह्न आँधी र वर्षाका कारण १६ जना तीर्थयात्रीको मृत्यु भएको छ भने ४० जना बेपत्ता भएका छन् । भारतको राष्ट्रिय विपद् व्यवस्थापन बलले दुर्घटनामा परेर बेपत्ता भएकाहरुको खोजी तथा उद्धारका कार्य तीव्र गतिमा सञ्चालन गरिएको जनाएको छ ।

एकसय जनाभन्दा बढी उद्धारकर्तासहितको चारवटा टोली घटनास्थलमा परिचालन गरिएको र हराएकाको खोजी जारी रहेको जानकारी दिँदै उक्त बलले वर्षा जारी रहे पनि उद्धारमा कुनै कठिनाइ नभएको बताएको छ ।

भारतीय वायु सेना, बीएसएफ, एसडीआरएफ, सीआरपीएफ र अन्य निकायले उद्धारका काम जारी राखेका छन् । चण्डीगढ र श्रीनगरमा वायु सेनाका हेलिकप्टर उद्धार उडान गर्न तत्परस्थितिमा रहेका छन् ।

अमरनाथ गुफा नजिकको स्थान जलमग्न भएकाले यात्रीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। पानीको निकास तथा पहिरो प्रभावित सडक खोल्न सुरक्षा अधिकारी पनि परिचालन भएका छन् ।

# पूर्वप्रधानमन्त्री आबेको पार्थिव शरीर टोकियोमा, मंगलबार अन्त्येष्टि गरिने

**काठमाडौं/एजेन्सी-** जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको पार्थिव शरीर शनिबार उहाँको गृहनगर टोकियो ल्याइपुऱ्याइएको छ । जापानको पश्चिमी शहर नारामा भएको निर्वाचन अभियानलाई सम्बोधनका क्रममा उनीमाथि गोली हानी हत्या गरिएको थियो । गोली लागि घाइते बनेका आबेलाई उपचारका लागि तत्काल स्थानीय अस्पतालमा पुऱ्याइए पनि स्थानीय समय अनुसार शुक्रबार साँझ ५:०३ बजे उनको एक मृत्यु भएको घोषणा गरिएको थियो ।

जापानी पूर्व प्रधानमन्त्रीको पार्थिव शरीर लिएर शिन्जोकी पत्नी अकी आबे प्रधानमन्त्रीको पार्थिव शरीरसँगै टोकियो आउनुभएको अमेरिकी टेलिभिजन सिएनएनले आबेको कार्यालयलाई उद्धृत गर्दै जानकारी गराएको छ । एनएचके वर्ल्डका अनुसार, आबेको पार्थिव शरीर बोकेको गाडी स्थानीय समय अनुसार शनिबार १:३० बजे टोकियोको शिबुया जिल्लास्थित आवेको घरमा आइपुगेको हो ।

जापानका प्रधानमन्त्री फुमिओ किशिदा पनि पूर्वप्रधानमन्त्रीको पार्थिव शरीर रहेको घरमा पुगी उनीप्रति श्रद्धासुमन अर्पण गरेका छन्। उनले पूर्व प्रधानमन्त्री आवेकी धर्मपत्नीलाई भेटी समवेदना अर्पण गरेका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार सोमबार राति दिवङगत आत्माको चीर शान्तिको कामना गर्दै रात्रि जागरण र प्रार्थना गरिनेछ भने अन्त्येष्टि मंगलबार गरिनेछ ।

यसैबीच प्रहरीले पश्चिमी जापानको नारा सिटी निवासी ४१ वर्षीय तेत्सुया यामागामीलाई आबेको हत्या को प्रयास गरेको आशंकामा पक्राउ गरी सोधपुछ जारी राखेको छ। यसैबीच विश्व नेताहरुले आबे परिवार प्रति सहानुभूति प्रकट गरेका छन् । साथै, उनीहरूले हत्याको निन्दा र पूर्वप्रधानमन्त्री आवेसँगको सहकार्यको स्मरण गर्दै दिवङ्गत नेताप्रति श्रद्धसुमन अर्पण गरेका छन्।

# भारतमा थपिए झण्डै १९ हजार संक्रमित



**काठमाडौं /एजेन्सी-** भारतमा कोरोना भाइरसबाट झण्डै १९ हजार कोरोना संक्रमित थपिएका छन् । सरकारी अधिकारीहरूले शनिबार दिएको जानकारी अनुसार थप १८ हजार ८४० जना कोरोना भाइरसबाट संक्रमित भएका हुन् ।

योसँगै भारतमा अहिलेसम्म कुल संक्रमितको संख्या चार करोड ३६ लाख चार हजार ३९४ पुगेको संघीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । पछिल्लो एक दिनमा देशभर कुल चार लाख ५४ हजार ७७८ जनाको कोरोना परीक्षण गरिएको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन् ।

भारतमा पछिल्लो समयमा सक्रिय संक्रमितहरूको संख्यामा पनि वृद्धि भएको देखिएको मन्त्रालयले जनाएको छ । पछिल्लो ४ महिनामा अहिले सबैभन्दा धेरै देखिएका हुन् । सोही अवधिमा कोरोना भाइरसका कारण भारतमा थप ४३ जनाको मृत्यु भएको छ । योसँगै कुल मृतकको संख्या पाँच लाख २५ हजार ३४६ पुगेको छ ।

# इरानले प्रवेशमा पुनः कडाइ गर्दै



**काठमाडौं /एजेन्सी-** कोभिड संक्रमण दरमा पुनः वृद्धि हुन थालेको भन्दै इरानले आफ्नो सीमाना र हवाई नाकालाई कडा पार्ने घोषणा गरेको छ। संक्रमणमा हालै भएको वृद्धिलाई शनिबार उद्धृत गर्दै इरानी राष्ट्रपति इब्राहिम रायसीले यात्रुहरूले कोभिड परीक्षण र इरानी स्वास्थ्य नियमहरूको पूर्ण पालना गर्दा मात्र इरानमा प्रवेश प्राप्त गर्न सक्ने बताएका हुन्। इरानी विशेषज्ञहरूले ओमिक्रोनका दुई द्रुत गतिमा फैलिएका उप-प्रजातीहरू आगामी हप्ताहरूमा इरानकम समस्याको रूपमा आउनसक्ने बताएका छन् ।

इरानी राष्ट्रपतिको वेबसाइटमा बताइएअनुसार कोभिड-१९ महामारीविरूद्धको राष्ट्रिय समितिको बैठकमा गरेको आफ्नो सम्बोधनमा रायसीले इरानलाई सबै भूमि, वायु र समुद्री प्रवेश नाकाहरूमा स्वास्थ्य नियम र निर्देशनहरू अझ कडा सँग पालन गर्न गराउन निर्देशन दिएका हुन् । उनले कोभिड-१९ खोपको अतिरिक्त मात्रा लिनुपर्ने आवश्यकताबारे बोल्दै सबै नागरिकलाई यसका लागि सचेतना फैलाउने कार्यक्रम लिएर जान समितिलाई निर्देशन गरेका छन् ।

आधारभूत स्वास्थ्य समस्या भएकाहरूले विशेष गरी सावधानी अपनाउनुपर्ने भन्दै उनले प्राथमिकताका आधारमा कोभिड-१९ विरूद्धको अतिरिक्त खोप अभियान देशैभरी तुरून्तै पुऱ्याउनु पर्नेमा पनि जोड दिएका छन् । इरानी स्वास्थ्य मन्त्रालयको वेबसाइटमा उल्लेख गरिएअनुसार अप्रिल २७ पछि सोमबार पहिलो पटक इरानको दैनिक संक्रमण दर एक हजारभन्दा बढी देखिएको छ।


## शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी
## Employment in Malaysia Under Zero Cost

(COMPANY: BLUEBERRY INDUSTRIES SDN. BHD. — JOHOR, MALAYSIA
कम्पनी: ब्लुबेरी ईन्डस्ट्रीज एस.डिएन. बिएचडी — जोहोर, मलेसिया
Company No: (65668-A) कम्पनी नं: ६५६६८ ए) Tel: 074568181 टेलिफोन नं: ०७४५६८१८१

| पूर्व स्वीकृत मितिः२०७९/०३/१२ | चलानी नं:६०१८१८२८ | एल टि नं : २६५७७५ |
|---|---|---|
| Pre Approval Date: 6/26/2022 | Invoice No.:60181828 | LT No.: 265775 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब ने.रु. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादन अपरेटर Production Operator | २०० 200 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,८१० 42,810 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

- यो भर्ती/मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कुनै शुल्क तिर्नु पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागी हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall be given or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन । Since you don't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमुलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्ण रूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत् सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज – Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ । +९७७-९८०१००४३४५ grievance@titanicmanpower.com
  If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page – Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोननंहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

प्रि अन्तर्वार्ता धमाधम भैरहेको छ । (Pre-interview is on going.)
फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी, काठमाडौंमा २०७९ साउन १ गतेमा हुनेछ ।
Final interview will be held on TITANIC office, Basundhara Chauki, Kathmandu on 17 July 2022.

TITANIC Ethical Recruitment Agency Since 2002 — ISO 9001:2015 Certified Recruitment Agency
टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजत पत्र नं.:२८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
Email:info@titanicmanpower.com Website:www.titanicmanpower.com



## सकरऐज नेपाल प्रा.लि. को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६३।११।२२ मा दर्ता भएको को **सकरऐज प्रा.लि. (प्रा.लि. दर्ता नं. ४४५१६/०६३/०६४)** को मिति २०७९।०३।१२ गते बसेको विशेष साधारण सभले कम्पनी खारेज गर्न निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्वय भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय अनामनगर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने छ ।

**लिक्विडेटरः सुनिल रजौरे**
**इजाजत पत्र नं.: ३८९, फोन नं.: ९८१८०९७८५५**



## बहराइनमा रोजगार |

कम्पनी : WE DELIVER B.S.C. CLOSED
शहरः Bahrain

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ — चलानी नं.: ६०१८२९९३ — L.T. No.: 266914

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | स. काममा दक्ष | 140 | ४६,९८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १ गते (17 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

Gcc motorcycle Driving License भएको र Delivery Boy कामको अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइने छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
Mob: 9851176605, 9860676964, 9762883455, 9818986538



## Vacancy Announcement

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.

- PUBLIC RELATION OFFICER (PRO): 4 (Male/Female)
  - → 3-5 Years experience In Gulf Depart (Saudi, Qatar, Malaysia & Dubai) → Salary-(Negotiable)
- ACCOUNTANT: 1 (Male/Female)
  - → 3-5 Years Experience In Related Field
  - → Salary-(30,000-50,000)
- RECEPTIONIST: 1 (Female)
  - → +2 Pass With Computer Knowledge And Good Communication Skill
  - → Salary-15,000



AL SHAHID OVERSEAS PVT. LTD.
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal,
Gov. Lic. No. 1329/074/75
Tel: 4414440, 4443434 E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## SAUDI मा रोजगार |

कम्पनी : JAY CO. LTD
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०२/२४ — चलानी नं.: ६०१८२९७० — LT. No.: 267073

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६०,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ साउन १ गते (17 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## बक्स अफिस समाचार

# संगीत क्षेत्रमा नभएको भए डाक्टर हुन्थे

नेपालको बब मार्ली भनेर चिनिने गायक विनोद ढकाल सानैदेखि संगीतमा रुची राख्थे । आफुलाई आफ्नै पहिचान र नेपाली गायक, संगीतकार भनेर चिँनिदा नै खुशी लाग्ने उनी बताउँछन् । उनी बहु प्रतिभाका धनी हुन मुख्यत: गायक संगीतकारको रुपमा उनी चिनिने गर्छन् । त्यस लगायत उनी राम्रो शब्द रचना गर्ने, भोइस डबिङ आर्टिष्ट र र्‍यापरका रुपमा पनि आफ्नो छुट्टै छवि र पहिचान बनाइसकेका छन । लगभग एक दर्जन चलचित्रमा आफ्नो स्वर र संगीत समेत दिइसकेका गायक ढकाल वि.स. २०६१ सालबाट नेपाली सांगीतिक क्षेत्रमा पाइला टेकेका हुन् । उनले हालसम्म कयौं फिल्मी, पप, रक, र्‍याप जनराका गीतहरु, एल्बम, भिडियो बजारमा सार्वजनिक गरिसकेका छन् । गायक **विनोद ढकाल**ले मध्यान्ह दैनिकका लागि **सुमन कुमार श्रेष्ठ**सँग गरेको कुराकानीको संक्षिप्त अंश:

**के मा व्यस्त हुन्हुन्छ ?**
यही गीत, संगीत सिर्जना गर्ने गाउने आदि इत्यादी ।

**नेपालको बब मर्ली भनेर बोलाउँदा कस्तो महसुस हुन्छ ?**
बब मार्ली भन्दा खुशी लाग्छ तर मलाई विनोद ढकाल नै भन्दा गर्व लाग्छ ।

**सबै खालको गीत गाउने भर्सटायल गायक भनिन्छ नि ?**
हो म सबै खाले गीत गाउने, संगीत, शब्द रचना गर्ने गर्छु । तर विशेष गरी मेरो जनरा भनेका रक पप विधा हो । तर संगीत क्षेत्रमा लगेपछि यो त्यो भन्ने हुँदैन रहेछ । सबैमा राम्रो गर्ने कोसिस गरेको छु, दर्शक स्रोताले मनपराइदिनु भएको छ । यसमै सन्तुष्ट छु ।

**घरबाट कतिको सपोर्ट छ ?**
सानैदेखिको रहर भए पनि मलाई घरबाट भने पहिले बुवा आमाले यो क्षेत्रमा नलाग भन्नु हुन्थ्यो । उहाँहरुको इच्छा मलाई डाक्टर बनाउने थियो । म पढाइमा राम्रो भएकोले एसएलसी पछि साइन्स पढें तर पढ्दै जाने क्रममा मलाई यतै संगीत तिर इन्ट्रेस्ट बढ्दै गयो । साथी भाइइहरुसँग मिलेर ब्याण्ड बनाउने, प्रोग्राम गर्ने तिरै बढी ध्यान गयो । तर पनि पढाइलाई भने निरन्तरता दिँदै आएँ । पछिल्लो समय भने यतै संगीत तिरकै झुकाव बढ्न थाल्यो ।

**बुवाआमाको इच्छा विपरीत जाँदा कुनै अप्ठेरो स्थितिको समाना गर्नु परेन ?**
आफ्नो संगीतप्रतिको बढ्दो लगावका बारेमा भन्दा रिसाउनु त भयो । मेरो इच्छा मेरो बुवा आमालाई सुनाएँ र जसो तसो गरेर फकाएर आफ्नो पहिलो एल्बम बजारमा ल्याए । त्यो बेला नेपाली सांतीतिक बजारमा धेरै संघर्ष गर्नु पर्थ्यो । जसो तसो एल्बमले केही सफलता हासिल गर्‍यो । त्यो समयमा पुराना गीतहरुलाई खुब रिमेक र रिमिक्स गरेर बजारमा ल्याउने प्रचलन बढेको थियो । यही सन्दर्भमा मलाई रिबेला क्रियशनका प्रमुख गगन प्रधान दाइले 'उकालीमा पनि हजुर मोटर जाँदो रैछ' भन्ने बोल रहेको गीतमा र्‍यापका लागि अफर गर्नुभयो । जसमा चर्चित गायिका अञ्जु पन्त र अर्का चर्चित गायक रामचन्द्र काफ्ले दाइको स्वर रहेको छ । त्यो बेला र्‍याप संगीतले भर्खर बजारको माहोल तताउन थालेको थियो । सोही अनुसार त्यसताका एउटा नयाँ सोचमा गरिएको सो गीत र भिडियोलाई दर्शक स्रोताले अत्याधिक रुचाइदिनु भयो । त्यसपछि मात्र बुवाआमाले मलाई अझै थप उर्जा र साहस दिनुभयो । उहाँहरुको आशीर्वादले अहिले यहाँ छु ।

**तपाईंको पहिलो गीत, एल्बम र फिल्मको गीत ?**
मेरो जन्मस्थल धादिङबाट पढाइको सिलसिलामा काठमाडौं आएर आफ्नो आधारभुत शिक्षा पूरा गरेपछि प्लस टु पढ्ने बेलामा २०६१ सालताका आफ्नो गीतहरु रेकर्डिङ गराउन थालें । सानोमा कविता लेख्थें अनि स्कुलमा हुने कविता प्रतियोगितामा राम्रै स्थान हासिल गर्थें । स्कुलमा अरुले संगीत बजाएको हेरेर बस्थें, पछि आफैं सिक्न थाले । कक्षा ८ सम्म धादिङमा पढें । त्यसपछि काठमाडौं आएँ । काठमाडौमा बोर्डिङ स्कुलमा साथीहरुसँग गीटार मागेर बजाउन खोज्थें । तर तलाईं नि बजाउन आउँछ र रु भन्थे उनीहरु । त्यसपछि बजाएर सुनाउथे । साथीहरुले तैले त राम्रै बजाँउदो रहेछस् भनें । त्यो दिनदेखि साथीहरुले मलाई नै गीटार बजा भन्थे । त्यसपछि साथीभाइहरुसँगै मिलेर ब्याण्ड बनाएँ । सानैदेखि आफैं गीत लेख्ने भएको कारण गीत लेख्ने संगीत कम्पोज गर्ने नि गर्थें । ब्याण्ड भएपछि अब एउटा एल्बम निकाल्नै पर्ने थियो, तर पैसा थिएन । आफु रक गीत आउने बनाउने भएर होला त्यस्तै खालको गीत निकाल्छु भनेर बाबासँग कुरा गरें । बाबाले चाहिँ कलेजमा पढ्न जाँदा साइन्स पढ डाक्टर हुनुपर्छ भन्नुभयो । हुन्छ भनेर डन बस्कोमा पढें । बाबाले डाक्टर बनाउँछु भन्ने सोच्नु भएको थियो तर म चाहिँ यता म्युजिकमा लागें, ठीक छ रहरको रुपमा मात्र लिऊ अरु त्यस्तै हो भन्दै बाबाले 'खै सुना न त मन पर्‍यो भने पैसा हाल्दिम्ला' भन्नुभयो । त्यसपछि आफ्नै गीत सुनाएँ । अनि बाबाले गाली गर्नुभयो 'के गीत हो यस्तो हाहाहुहु यस्तो पनि गीत हुन्छ । बरु आफ्नै नेपाली लोक गीत बना अनिमात्रा पैसा हलिदिन्छु, राम्रोसँग पढ्ने भएमात्र पैसा हाल्दिन्छु ।' त्यसपछि बाबाकै सहयोगमा ८ वटा गीत समावेश भएको डाउनलोड भन्ने एल्बम निकालें, तर त्यो चाहिँ सोलो एल्बम थियो ।

**त्यसपछि कसरी यो क्षेत्रमा निरन्तरता दिनुभयो र पहिलो प्रयासमै सफल हुनुभयो ?**
मेरो पहिलो एल्बम त्यति सफल चाहिँ भएन । एउटा रहर पूरा गर्ने माध्यममात्र भयो । तर मैले गरेको त्यो प्रयासले चाहिँ मलाई मिडियमा चिनायो । त्यो बेला गाउनेसँगै अलि र्‍याप पनि गर्थें । मैले रामचन्द्र दाइसँग बसेर र्‍याप सुनाएँ, उहाँले त्यो कुरा रिबेला क्रियशनका दाइ गगन प्रधानलाई भन्नु भएको रहेछ । त्यसपछि मलाई उहाँले अफर गर्नुभयो, 'यस्तो यस्तो गीत छ सबै रिमिक्स वाला हो त्यसमा जुन जुनमा सुट हुन्छ र्‍याप बनाउनु ।' हुन्छ भनेर घरमा लगेर सुनें तर 'उकालीमा पनि हजुर'मा सुट हुन्छ जस्तो लाग्यो अनि बनाएर ल्याएर सुनाएँ । दाइलाई नि मन पर्‍यो अनि त्यही गीतमा र्‍याप गर्ने अवसर पाएँ । र, त्यो गीत त्यो बेलामा निकै हिट पनि भयो । त्यसपछि भने बिस्तारै मेरो काम सबैले मन पराउनु भयो । अनि फिल्महरुबाट पनि अफर आउन थाल्यो ।

**यसरी संगीतमा लाग्दा पढाइ बिग्रिने, अनि घरमा बाबुआमाले गाली गर्नुभएन ?**
गाली नै चाहिँ गर्नु भएन तर बाबाले बेला बेलामा रिमाइण्ड भने गराउनु हुन्थ्यो । यस्तो क्षेत्रमा लागेर पढाइ बिग्रिन्छ है यतातिर लग्ने होइन भन्नु भयो । तर आफ्नो तनमन नै यतै थियो अनि बाबासँग राम्रोसँग कुरा गरें । कन्भिन्स गराए जसो तसो सर्टिफिकेट लिने पढाइ चाहिँ म गर्न चाहँदिन भनेर कमर्सतिर लागें । पढाइ पनि गर्दै संगीतलाई पनि निरन्तरता दिएँ । मेरो बाबा आमाले पनि मलाई पछि पछि राम्रो सपोर्ट र आशीर्वाद दिनुभयो । सो अनुरुप आज म यो स्थानमा छु ।

**एल्बम निकाल्नु भएन ?**
सेकेन्ड एल्बम होम्वर्क निकालें । मेरो पहिलो फिल्मको गीत चाही मोक्ष फिल्मको 'गाँजा तानी तानी' हो । त्यसपछि लाल्टिन, ह्विस्की र कभवेब गीत गाएँ, ह्याप्पी न्यु इयर, कुण्ठा भन्ने फिल्महरुमा गीतहरु गाएँ । मेरो भ्वाइस अलि मोटो खाल्को भएको भएर भ्वाइस ओभरको पनि काम गरें । पासवर्ड, हिरो रिटर्न्स, लगायतका फिल्महरुमा भ्वाइस ओभरको काम गरें । मेरो लुक्स्का कारण अभिनय गर्ने मौका पनि पाएँ । केही भिडियो पनि खेलें ।

**तपाईंको गीत पनि अरुको भन्दा फरक छ फरक गीत गर्दा गीत चल्यो त ?**
म पहिलेदेखि नै इङ्लिस गीतहरु बढी सुन्ने भएर होला त्यता तिरको झुकाव थियो । नेपालमा र्‍यागे ब्लुज गीतहरु पनि त्यति आइसकेको थिएन । मैले यस्तै खालको गीत गरुम् भनेर बाजेले गीटार बजाको बजै नाच्न लजाको भन्ने गीत गरें, त्यसको भिडयो बनाउन थाइल्याण्ड गाएको थिएँ, त्यतै आफ्नै कन्सेप्ट र डाइरेक्सनमा त्यो गीतको भिडियो बनाएँ, जुन गीत र भिडियो राम्रै चल्यो ।

**थुप्रै हिट गीतहरु दिनु भएपछि अवार्डको लोभ भएन ?**
भयो, किन नहुनु दर्शकको माया नै मेरो लागि एउटा ठुलो अवार्ड हो । त्यो बाहेक पनि मैले गरेका विभिन्न कामहरुबाट अवार्डहरु पाएको छु । तर आजभोलि त कुन गीतले अवार्ड पाउने कुनले नपाउने ठेगान नै हुँदैन । तर यस्तो गर्दा कलाकारको काम चाहिँ नमरोस् भन्ने मेरो चाहना हो । खासै अवार्ड नै पाउँछु भनेर काम पनि गर्दिनँ । मिहेनतले पाएको कुरा दर्शकको माया नै मेरो लागि सबैभन्दा ठुलो अवार्ड हो ।

**तपाईंले अरु खालका गीत गरिरहँदा नेपाली लोक संस्कृति झल्काउने गीत चाहिँ खासै गरेको देखिन्न नि ?**
त्यस्तो गीतहरु मनै नपर्ने भन्ने होइन र नगरेको पनि होइन तर त्यही गीतलाई अन्तर्राष्ट्रिय स्तरमा कसरी लोकप्रिय बनाउने सोच चाहिँ अझै पनि छ । त्यसका लागि पनि वोर्कआउट गरिरहेको छु ।

**पछिल्लो समय गीतहरु सुन्ने भन्दा नि हेर्ने चलन छ, भिडियो बनाएर मात्र गीत चल्छ त ?**
राम्रो गीत छ भने अवश्य पनि मान्छेले गीत नै सुन्ने हो । भिडियोले त्यसलाई थप न्याय गर्नेमात्र हो । तर पनि भिडियोले गीतलाई केही मद्दत भने गर्छ ।

**तपाईंको पछिल्लो समय बजारमा आएको 'भुत' भन्ने गीत दर्शकले कतिको मन पराउनु भयो ?**
मेरो दिमागमा सधैं केही नयाँ काम गरुम् भन्ने सोच आइरहन्छ । फलस्वरुप त्यो गीतमा पनि हरर थिम भएकोले टेक्निकली फिल्ममा प्रयोग हुने ग्रीन स्क्रिन र टेक्नोलोजी प्रयोग गरेर स्पोर्टमै हामीले त्यो भिडियो २ रात २ दिन लगाएर सकायौं । मिहेनत अनुसारको काम र दर्शकले त्यो काम मनपराइदिनु भयो त्यसमै सन्तुष्ट र खुशी छु । लकडाउन ताका 'कालापानी' शीर्षकको गीत गरें, त्यो पनि राम्रै भयो ।

**धेरै विधाहरुमा काम गर्नुभएको छ, आफुले आफुलाई चिनाउँदा के भनेर चिनाउनु हुन्छ ?**
म गायक हो । किन भने मेरो शुरुवात र मेरो भित्री मनदेखिको इच्छा नै गीतसंगीत नै भएको कारण र यही चिजले नै मलाई सबैको माझ चिनायो । अरु काम त आफुले जानी नजानी काम गरेको हो । भविष्यमा पनि काम गर्दै र अनुभव गर्दै जाने हो ।

**काम गर्दा एक्सपेरिमेन्ट बढी गर्नु हुन्छ, साइन्स पढेर हो कि डाक्टर बन्ने मान्छे यो फिल्डमा आएर हो ?**
होइन डाक्टर बन्ने कुरा आफ्नो ठाउँमा छ, तर मेरो नेचर नै यस्तो भएको भएर काम गर्दा केही नयाँ गरुम् कि भन्ने मात्र हो ।

**संगीत क्षेत्रमा नहुनु भएको भए के बन्नु हुन्थ्यो ?**
अफ्कोर्स डाक्टर नै हुन्थे होला तर अहिले म्युजिकको डाक्टर भएँ । संगीत पनि त एक किसिमको औषधि नै हो । अहिले पनि एक्स्पेरिमेन्ट गर्दैछु । त्यो हिसाबले संगीतको डाक्टर ।

**कभर गीत र भिडियो बनाउँदा कलाकारलाई असर गरेको जस्तो लाग्दैन ?**
अरुको गीत गाउनु नराम्रो होइन तर त्यस्तै गीत गाएर कपी गर्छु भनेर आफु हिट हुन्छु भन्ने सोच चाहिँ नबनाएको राम्रो । क्रियशन चाहिँ आफ्नै हुनु पर्‍यो अरुको गीत गाँउदा त्यसको भाव र मर्म चाहिँ बिगार्न पाइन्न ।

**संगीतमा लागेर के कमाउनु भयो, के गुमाउनु भयो ?**
आत्मसन्तुष्टी, दर्शक, साथीभाइ कमाएँ । अरु भनेको जिन्दगी चलाउन पुग्ने कमाएको छु ।

**संगीत बाहेक के गर्नु हुन्छ ?**
त्यो बाहेक गीत सुन्ने अनि घुम्ने नयाँ, नयाँ साथी बनाउने, घरमा बसेर परिवारसँग समय बिताउने त्यस्तै हो ।



अन्तर्वार्ता
विनोद ढकाल
गायक/संगीतकार

## 'लाखे'को सस्पेन्स थ्रीलर टिजर



**काठमाडौं/मस–** मल्टीस्टारर फिल्म 'लाखे'को टिजर शुक्रबार ओएसआर डिजिटलमार्फत दर्शकमाझ ल्याइएको छ । केही समयअघि सार्वजनीक फर्स्टलुक पोस्टरबाटै चर्चा बटुल्न सफल फिल्मको करिब सवा एक मिनेट लामो टिजरले दर्शकको अपेक्षा झन् बढाएको छ ।

भदौ ३१ गते प्रदर्शन हुने 'लाखे'को टिजरबाट फिल्म सस्पेन्स र थ्रीलले भरिएको आंकलन गर्न सकिन्छ । सम्राट बस्नेत निर्देशित फिल्ममा सौगात मल्ल, अनुप बिक्रम शाही, वर्षा राउत, आर्यन अधिकारी, सुशील सिटौला, प्रशान्त ताम्राकार, अर्पण थापा, रोहित रुम्बा, सन्जोग राणा, रक्षा बुढाथोकी, कालु राना र बाल कलाकार सिस्टम भण्डारी मुख्य भूमिकामा छन् । गणेश मल्ल ठकुरी (जिएम)को प्रस्तुति रहेको फिल्मको कथाकार र निर्माता सिजन अर्याल हुन् । हरि मल्ल ठकुरी कार्यकारी निर्माता रहेको फिल्म सुसन प्रजापतिले खिचेका हुन् ।

ग्लोबल मिडिया एण्ड रिसर्च सेन्टर र औरिवन प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मको पटकथा,सम्वाद आकाश बरालले लेखेका हुन् । दीपक बज्राचार्यको संगीत, कबिराज गहतराजको कोरियोग्राफी, निर्देशक सम्राटकै द्वन्द्व निर्देशन र दीलिप पन्तको प्रोडक्शन डिजाइन रहेको फिल्मलाई आरआर फिल्मस्को वितरण गर्दैछ । ।

निर्देशक सम्राटले 'लाखे' हर प्रकारले उत्कृष्ट भरपुर मनोरञ्जक फिल्म बनेको बताउने गरेका छन् । यसअघि 'पासवर्ड' निर्देशन गरेका निर्देशक बस्नेत कहलिएका द्वन्द्व निर्देशक हुन् । त्यसकारण उनको यो फिल्ममा पनि भरपुर मात्रामा 'थ्रील' आश गर्न सकिन्छ ।

## असोज १४ मा 'परदेशी २'




**काठमाडौं/मस–** नारायण रायमाझी निर्देशित प्रतीक्षित फिल्म 'परदेशी-२'को टिजर सार्वजनिक गरिएको छ । निर्माण टिमले शुक्रबार दिउँसो 'रीमा इन्टरटेन्मेन्ट' युट्युबमार्फत टिजर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मितिसमेत तय गरेको हो । दशैंको टीकाको पाँच दिनअघि १४ असोजबाट फिल्मले प्रदर्शन थालनी गर्ने भएको छ ।

साढे दुई मिनेटको टिजरमा फिल्मका कलाकारहरू प्रकाश सपूत, दिलीप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटीलगायतलाई प्रस्तुत गरिएको छ । 'परदेशी-२' लोकदोहोरी गायक प्रकाशको डेब्यू फिल्म हो ।

यसअघि 'परदेशी'मा वैदेशिक रोजगारीको कथा बुनिएकोमा यसपटक भने नेपाली विद्यार्थीमा रहेको विदेश मोहलाई मुख्य कथावस्तु बनाइएको टिजरबाट आँकलन गर्न सकिन्छ । अध्ययनसँगै अन्य परिवेशमा परदेश पुगेकाहरूको कथा-व्यथालाई समेत फिल्ममा प्रस्तुत गरिएको टिजरबाट बुझ्न् सकिन्छ । प्रेम, वियोग, संवेदना, द्वन्द्व, गीत सबैको अंश टिजरमा मिश्रित छ ।

नारायण इन्टरनेसनल प्रा.लि.को प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझी मिलेर फिल्मको निर्माण गरेका हुन् । फिल्मको कथा भने राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानका अध्यक्षसमेत रहेका गीतकार रमेश बिजीले लेखेका हुन् ।

फिल्ममा नीर शाह, सुशील पोखरेल, सविन बास्तोला, रमा थपलिया, भीमा मैनाली, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायतका कलाकारहरूको समेत अभिनय छ ।

बीबी अनुरागीको संगीत रहेको फिल्ममा रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी रहेको छ । गीतमा निर्देशक रायमाझीसँगै, प्रशान्त तामाङ, निशान भट्टराई, प्रताप दास, तेजेन्द्र गुरुङ, मीना निरौला, टीका पुन, देवी घर्ती, थानेश्वर गौतम, जय देवकोटालगायतको स्वर छ । सुदीप कुँवरको सहनिर्देशन, अष्ट महर्जनको द्वन्द्व रहेको फिल्मलाई मानकृष्ण महर्जनले छायाँकन गरेका हुन् भने यसमा दीर्घ खड्काको सम्पादन तथा नकुल खड्का र मिराज अर्यालको सहसम्पादन छ ।

'गोर्खा पल्टन' र 'परदेशी' जस्तो हिट फिल्म दिएको ब्यानर, प्रकाश सपूतको डेब्यू फिल्म, स्टार कलाकारहरूको अभिनयलगायतका कारण 'परदेशी २' प्रतीक्षित फिल्म बनेकने छ । फिल्मको वितरकमा काठमाडौंका लागि डिसीएन र काठमाडौं बाहिर एफडी कम्पनी रहेको छ ।

# एसएसएलसँगको सम्झौता रद्द गरिने




**काठमाडौं/मस-** अखिल नेपाल फुटबल संघ (एन्फा) ले नेपाल सुपर लिग (एनएसएल)सँग गरेको सम्झौता रद्द गर्न सिफारिस गरेको छ । शुक्रबार बसेको 'ए' डिभिजन क्लबका असन्तुष्ट चार क्लब र एन्फा पदाधिकारीको बैठकले नेपाल स्पोर्टस् इभेन्टस् एण्ड म्यानेजमेन्ट कम्पनीबीच प्रतियोगिता गर्न भएको सम्झौता रद्द गर्न कार्यसमितिको आगामी बैठकमा सिफारिस गर्ने निर्णय गरेको हो ।

'क्लबसँगको बैठकले अघिल्लो कार्यसमितिले गरेको निर्णयलाई रद्द गर्न सिफारिस भएको छ,' सर्वाधिक मतसहित एन्फा उपाध्यक्षमा निर्वाचित भएका दावा लामाले भने ।

यसअघि भएको सम्झौतामा मापदण्ड पूरा गरे एनएसएलको टिमलाई एएफसी तथा फिफाको प्रतियोगितामा सहभागी हुन दिनुपर्ने थियो । जुन विषयले विवाद लिँदा एनएसएलको दोस्रो संस्करण स्थगित भएको छ ।

तत्कालीन अध्यक्ष कर्माछिरिङ शेर्पाले चौधरी ग्रुपअन्तर्गत रहेको एनएसएलसँग सो सम्झौता गरेका थिए । तर, ६ असारमा सम्पन्न चुनावमा निर्वाचित पंकजविक्रम नेम्बाङ समूहले मुख्य मुद्दा नै एनएसएललाई बनाएको थियो । यस समूहले एनएसएललाई 'गोल्डकप' को रुपमा आयोजना गर्नुपर्ने बताउँदै आएको थियो । एन्फाले एनएसएल आयोजनाको शैलीमाथि चर्को विरोध जनाउँदै आएका सहिद स्मारक ए डिभिजन लिगका चार क्लबहरू (थ्री स्टार, मनाङ मर्स्याङ्दी, संकटा र न्युरोड टिम (एनआरटी) बैठकमा बोलाएको थियो ।

एन्फा मुख्यालयमा भएको बैठकमा भने अध्यक्ष नेम्बाङको उपस्थिति थिएन । वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का(बच्चु) को अध्यक्षमा बसेको बैठकमा उपाध्यक्ष दीपक खतिवडा, उपाध्यक्ष दावासँगै सदस्यद्वय महेन्द्र क्षेत्री र सरिला श्रेष्ठको सहभागिता थियो । यस्तै महासचिव किरण राई र कोषाध्यक्ष रविन्द्र जोशी पनि सहभागी थिए ।

यद्यपि, एन्फाको अघिल्लो कार्यसमितिले आगामी २५ भदौदेखि १० कात्तिकसम्म प्रतियोगिता गराउन समय उपलब्ध गराइसकेको छ ।

# टि-२० विश्वकपको ट्रफी नेपाल ल्याइँदै



**काठमाडौं/मस-** टि-२० विश्वकपको ट्रफी नेपाल ल्याइने भएको छ । अष्ट्रेलियामा यसै वर्ष आयोजना हुने आईसीसी पुरुष टी-ट्वान्टी विश्वकप क्रिकेटको ट्रफी नेपालमा ल्याउने अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसिसी) ले शुक्रबार प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

विश्वकप ट्रफी आगामी भदौमा नेपाल आइपुग्ने छ । विश्वकपको १०० दिने 'ट्रफी टुर' शुक्रबारबाट शुरु भएको छ । ट्रफी टुर शुरू भएसँगै ट्रफी भदौ १४ र १५ गते (अगस्ट ३० र ३१) मा काठमाडौंमा राखिनेछ । उक्त दिन समर्थकहरुले ट्रफी हेर्न र ट्रफीसँग तस्विर खिचाउन पाउने छन् ।

नेपालमा क्रिकेटको विश्वकपको ट्रफी दोस्रो पटक ल्याउन लागिएको हो । यसअघि २०१८ मा विश्वकप ट्रफी नेपाल ल्याइएको थियो । आईसीसीका अनुसार विश्वकप ट्रफी १३ राष्ट्रको ३५ स्थानमा प्रदर्शनी गरिनेछ ।

अष्ट्रेलियाको ७ शहरमा आयोजना हुने विश्वकप अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म हुनेछ । टी-ट्वान्टी विश्वकप २०२२ शुरू हुन अब १०० दिन बाँकी रहेको छ । विश्वकप उपाधिका लागि १६ राष्ट्रले प्रतिस्पर्धा गर्दै छन् ।

# देवलाल र याङदी पहिलो



**काठमाडौं/मस-** देवलाल महर्जन र याङदी लामा शेर्पा बुद्धवीर लामा ११ औं गीतिमय साँझको सफलताका लागि आयोजित ५ किलोमिटर शुभकामना दौडमा शनिबार पहिलो भएका छन् । देवलाल पुरुष र याङदी महिलामा पहिलो भएका हुन् ।

देवलालले निर्धारित दूरी २३ मिनेट ५३ सेकेन्डमा पूरा गरे । राजु महर्जन दोश्रो तथा बुलाल महर्जन तेश्रो भए । तीन पटककी एभरेष्ट म्यारथन विजेता याङदीले ३२ मिनेट ११ सेकेन्ड समय खर्चिन् । सुनिता योञ्जन लामा दोश्रो तथा सीता रिमाल तेश्रो बने । विजेतालाई ज्ञानोदय बालवाटिका माविकी संस्थापिका इन्दिरा याक्थुम्बाले एक कार्यक्रमबीच पुरस्कृत गरिन् । सो अवसरमा भेट्रान धावकद्वय पुष्पलाल श्रेष्ठ र लाक्पा शेर्पा लामालाई सम्मान गरिएको थियो । प्रयास मञ्च नेपालको आयोजनामा भएको दौड त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को हाताबाट सुरु भएको दौड विभिन्न भागको परिक्रमा गरी पुनः राखेप मै आएर टुंगिएको थियो । दौडमा १ सय सहभागी थिए । दक्षिण एसियाली खेलकुदका कीर्तिमानी पूर्व धावक वैकुण्ठ मानन्धर, पूर्व धावक एवं गीतकार बुद्धवीर लामा, विश्वको चर्चित मानिने बोस्टन र बर्लिन म्याराथन दौडिसकेका धर्म महर्जन, पूर्व धावक शम्भु दाहाल, एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्रीलगायत दौडेका थिए ।

पूर्व धावक एवं गीतकार बुद्धवीर लामाको नाममा इलाममा हुने बुद्धवीर लामा सूर्योदय पर्यटन हाफ म्याराथनको सहयोगार्थ बुद्धवीर लामा ११ औं गीतिमय साँझ भदौ ११ गते कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हुँदै छ ।

# एनएसए पौडी आज हुँदै



**काठमाडौं/मस-** नेपाल पौडी संघको वार्षिक कार्यक्रम अनुसारको १० औं एनएसए कप खुला तथा उमेर समूह पौडी प्रतियोगिता आइतबार हुने भएको छ । प्रतियोगितामा ५४ स्वर्ण पदकका लागि ८४ महिला तथा १३७ पुरुष गरि कुल २२१ खेलाडीहरुले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगितामा जुनियर खेलाडीहरुको हौसला अभिबृद्धि गर्ने उद्धेश्यले जुनियर विधाका १० वर्ष, १२ वर्ष, १४ वर्ष र १७ वर्ष मुनिका प्रत्येक विधाका एक महिला र एक पुरुष खेलाडीलाई उमेर समूहको उत्कृष्ट खेलाडी घोषित गरिनुका साथै ट्रफीले सम्मान गरिने संघले जनाएको छ ।

मित्र राष्ट्र चिनमा आयोजना हुने १९औं एशियन प्रतियोगिताका लागि छनौट प्रतियोगिता समेत रहेको यस प्रतियोगिताबाट खेलाडीहरुले प्राप्त गरेको उच्चतम फिना अंकका आधारमा ४ पुरुष र ४ महिला खेलाडीहरुको छनोट हुने अध्यक्ष अशोक बज्राचार्यले बताए ।

प्रतियोगिताका दौरान मिति २०७६ मंसिर १५ देखि २४ गते सम्म आयोजना भएको १३ औं दक्षिण एशियाली खेलकुदमा अत्याधिक पदक प्राप्त गर्दै ईतिहास रच्न सफल गौरिका सिंह लगायत अन्य पदकधारी खेलाडीहरुलाई नगद सहित सम्मान गर्ने कार्यक्रम रहेको छ ।

# पदक विजेता सम्मानित



**काठमाडौं/मस-** जैशिदेवल युथ क्लबले शनिबार पदक विजेता आफ्ना खेलाडी तथा प्रशिक्षकलाई नगद पुरस्कारसहित सम्मान गरेको छ ।

जैशिदेवल युथ क्लबअन्तर्गतको जैशिदेवल तेक्वान्दो डोजाङले गत हप्ता भारतको आसाममा भएको इन्डिया ओपन कुकिवन डिस्प्याच अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता तथा काठमाडौंमा भएको प्रथम उपत्काव्यापी तेक्वान्दो प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई सम्मान गरेको हो । प्रदेश सांसद विराजभक्त श्रेष्ठ तथा जैशिदेवल युथ क्लबका अध्यक्ष राजेश प्रजापतिले विजेता खेलाडीहरुलाई 'स्पोर्ट्स सुज' र जनही एक हजार रुपियाँले पुरस्कृत गर्नुभयो । आसाममा भएको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधत्व गरी सहभागी जैशिदेवल तेक्वान्दो डोजाङका एघारै खेलाडीले पदक जितेका थिए । सो प्रतियोगितामा मुविक्षा गजुरेलले सब जुनियर क्याटागोरीको ग्योरोगीतर्फ स्वर्ण र पुम्सेतर्फ काँस्य तथा रोजन प्रजापतिले क्याडेट क्याटागोरीको ग्योरोगीतर्फ रजत र पुम्से तर्फ काँस्यसहित दोहोरो पदक जित्नुभएको थियो ।

# इन्साइट र ग्रान्डीलाई एसिया प्यासिफिक कप

**काठमाडौं/एजेन्सी-** इन्साइट भिजन र ग्रान्डी स्पोर्ट्स सेन्टरले प्रथम एसिया प्यासिफक एसइइ कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । इन्साइट भिजन ब्वाइज तथा ग्रान्डी स्पोर्ट्स सेन्टर गर्ल्समा च्याम्पियन बनेका हुन् ।

धापासीस्थित आयोजक एसिया प्यासिफिक कलेजको कोर्टमा भएको ब्वाइज फाइनलमा इन्साइट भिजनले एन्जल्स हार्टलाई १९-१३ ले पराजित गर्‍यो ।

गर्ल्सको उपाधि भिडन्तमा ग्रान्डी स्पोर्ट्स सेन्टरले बलर्स एकेडेमीलाई ५-४ ले हरायो । ब्वाइजमा इन्साइट भिजनका उर्गेन लामा र गर्ल्समा बलर्स एकेडेमीकी मनीषा शाही 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए ।

विजेतालाई एसिया प्यासिफिकका प्रिन्सिपल रमेश घिमिरेलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । लिग कम नकआउट आधारमा भएको तीनदिने प्रतियोगिताको ब्वाइजमा २९ तथा गर्ल्समा १६ टिम सहभागी थिए ।

# खेलकुदमा महिला सहभागिता बढाउन जोड



**काठमाडौं/मस-** खेलका माध्यमबाट महिला सशक्तीकरण बढाउन जोड दिँदै जुम्लामा राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको छ । महिला भएकै कारण हुने विभेदबाट खेल क्षेत्र पनि अछुतो नभएको भन्दै कार्यक्रमका सहभागीहरूले सरकारी स्तरबाटै यस्ता कार्यक्रमको ल्याउन जोड दिए । उनीहरूले अझै पनि नेतृत्व तहमा महिलाको उपस्थिति एकदमै न्यून रहेको बताए ।

ठूला खेलकुद प्रतियोगिता आयोजनामा महिलाको सहभागिता खासै देखिँदैन । खेलको माध्यमबाट महिला सशक्तीकरणमा जोड दिने राष्ट्रपति कार्यक्रमको अभियान हो । 'महिला सशक्तीकरण हाम्रो संकल्प, खेलकुदमा महिला सहभागिता उत्तम विकल्प' भन्ने अभियानको नारा छ । हेर्दा सामान्य लागे पनि यसको सन्देश भने निकै अर्थपूर्ण छ । प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी महिलाले पाएका छन् । तर, असारे विकाससँग जोडिएको यो कार्यक्रम ग्रामीण बस्तीका विद्यालय स्तरमा भने पुग्न सकेको छैन ।

खेलकुद विकास समितिका कार्यालय प्रमुख बरमबहादुर महतले भने, 'यो कार्यक्रमको मुख्य उद्देश्य खेल क्षेत्रमा महिलाको क्षमता बढाएर उनीहरूलाई निर्णायक बनाउन खोजिएको हो । खेलकुदमा महिला सहभागिता बढाउन आवश्यक छ ।' उनका अनुसार एक सय ५० जना महिला खेलाडी सहभागिता गराउने लक्ष्य हो । तर, मौसमले साथ नदिएका कारण टाढाका महिला सहभागी हुन सकेन ।

जुम्लाका प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईंले महिला सहभागिताको अर्थ पुरुषलाई उपेक्षा होइन । तर, महिला भएका कारण धेरै क्षेत्रबाट हेपिएका छन् । प्रतियोगिता आयोजनामा महिलालाई पुरुषले पनि उतिकै साथ दिन आवश्यक छ ।

एन्फाका केन्द्रीय सदस्य भरत बहादुर बुढ्थापाले प्रतियोगितामार्फत महिला सशक्तीकरणको सन्देश दिनु आफैंमा उदाहरणीय हो । एक त जुम्लाका महिला सबै क्षेत्रमा पछाडि छन् । अरू ठाउँका महिलाले खेलकुद क्षेत्रबाट पुरस्कार पाउँदा हाम्रा विद्यालयमा अध्ययनरतता छात्रा सुरुवालमै हाई जम खेल्ने गरेको तितो सत्य सुनाए ।

**Vacancy Announcement**

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.

- PUBLIC RELATION OFFICER (PRO): 4 (Male/Female)
  - → 3-5 Years experience In Gulf Depart (Saudi, Malaysia and Qatar) → Salary-(Negotiable)
- ACCOUNTANT: 1 (Male/Female)
  - → 3-5 Years Experience In Related Field
  - → Salary-(30,000-50,000)
- RECEPTIONIST: 1 (Female)
  - → +2 Pass With Computer Knowledge And Good Communication Skill
  - → Salary-15,000

**AL SHAHID OVERSEAS PVT. LTD.**
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal,
Gov. Lic. No. 1329/074/75
Tel: 4414440, 4443434 E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

**तेमाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी बालुवा, ग्रावेल, माटो, खानीजन्य वस्तु, आदिको विक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्ने सम्बन्धी बोल पत्र आह्वान (E–bid) सम्बन्धि सूचना**


**प्रथम पटक प्रकाशित मिति २०७९/०३/२६**

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा (११) को उपदफा (२) को खण्ड (घ) (६) तथा प्रदेश आर्थिक ऐन २०७८ को दफा ९(१) को अनुसूची ६ अनुसार यस तेमाल गाउँपालिकाबाट आ.व. २०७९/८० को सम्झौता भएको मितिदेखि २०८० असार मसान्तसम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक विधेयकमा उल्लिखित दर बमोजिम देहायको शीर्षकबाट आन्तरिक आयको ठेक्का (E–bid) बोलपत्र आह्वान गरिएकोले योग्य र इच्छुक व्यक्ति, फर्म, कम्पनी वा बोलपत्रदाताले यस कार्यालयद्वारा निर्धारित बोलपत्र फाराम खरिद गरी यसैसाथ संलग्न शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र (E–bid) बोलपत्र सार्वजनिक खरीद अनुगमनको वेबसाइट www.bolpatra.gov.np मा रितपूर्वक मिती २०७९/०४/२४ दिनको १२:०० बजेभित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नंवर | विवरण | प्रस्तावित न्यूनतम रकम मू.अ.क. बाहेक | बोलपत्र खरिद राजश्व दस्तुर | बोलपत्र जमानत | बोलपत्र मान्य अवधी | बोलपत्र जमानत मान्य अवधी |
|---|---|---|---|---|---|---|
| NCB/TRM/Kavre /IR/01/079-80 | सुनकोशी क्षेत्र (तेमाल गाउँपालिका वडा नं. १ को बोहोरे दोभानदेखि वडा नं. २ को चुखाबेशी हुँदै वडा नं. ९ को भण्डारवेशी सम्म) | रु.७५०००००।०० (रु. पचहत्तर लाख मात्र) | रु. ३०००। (रु. तीन हजार मात्र) | रु. २००००० (रु. दुई लाख मात्र) | बोलपत्र पेश गर्ने अन्तिम मितीबाट थप ९० दिन | बोलपत्र मान्य अवधी बाट थप ३० दिन |
| NCB/TRM/Kavre /IR/02/079-80 | रोशी क्षेत्र को (तेमाल गाउँपालिका वडा नं. ९ को तित्रिटारदेखि वडा नं. ५ को गिम्दीवेशी रत्तसम्म) | रु. २५०००००।०० (रु. पच्चीस लाख मात्र) | रु ३०००। रु. तीन हजार मात्र) | रु ७५००० (रु. पचहत्तर हजार मात्र) | बोलपत्र पेश गर्ने अन्तिम मितीबाट थप ९० दिन | बोलपत्र मान्य अवधी बाट थप ३० दिन |

बोलपत्र खरिद गर्दा दस्तुर रकम दाखिलाको निम्ति बैंक विवरण
सिटिजन्स इन्टरनेशनल बैंक, तेमाल आन्तरिक राजश्व खाता
खाता नं ०७१०१००००००१२०२
अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



## अलपत्र बसपार्क

आर्थिक बर्ष २०७१/७२ मा सुरु भएको बैतडीको पाटन बसपार्क अझै बनेको छैन ।

*तस्विर : विनोद सिंह विष्ट/रासस*

# सातामा ३६ अंकले घट्यो नेप्से

**काठमाडौं/मस** – गएको साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३६.१५ अंकले घट्यो । गत साताको शुक्रबार २०२८ अंकमा रहेको सेयर बजार परिसूचक यो साता उच्च अंकको गिरावटसँगै १९९२ अंकमा आएर रोकिएको हो । यो सातामा नेप्से परिसूचक १.७८ प्रतिशतले खुम्चिएको छ । यससँगै, नेप्सेको बजार पूँजीकरण २८ खर्ब रुपैयाँ कायम भएको छ । साताको ६ मध्ये ४ कारोबार दिन नेप्से घटेको थियो । दुई कारोबार दिनमा बढेको नेप्से परिसूचक शुक्रबारसम्मको स्थितीमा ३६ अंकभन्दा बढीले घटेको हो । यो साता आइतबार र बुधबार मात्रै बजारमा सुधार आएको थियो ।



नेप्से परिसूचक घटे पनि यो साता कारोबार रकम भने बढेको छ । गत साता ११ खर्ब ६४ अर्ब रुपैयाँको कारोबार भएको थियो । जुन, यो साता १६ अर्ब ३२ करोडको कारोबार भएको छ । यो गत साताको तुलनामा ४ अर्ब ६८ करोडले बढी हो । यद्यपी, यो साता नेप्सेको बजार पूँजीकरण भने घटेको छ । नेप्से परिसूचक घटेको साता कारोबार रकम बढेपनि बजार पूँजीकरण भने घटेको हो । गत साताको तुलनामा ५० अर्ब रुपैयाँले बजार पूँजीकरण घट्दै २८ खर्ब ४१ अर्ब रुपैयाँमा आइपुगेको छ । आजबाट शुरुहुने नयाँ साताको सेयर कारोबार कस्तो सकरात्मक हुने लगानीकर्ताहरुले अपेक्षा गरेका छन् ।

## बैंकहरु ठुलो बन्ने प्रतिस्पर्धामा

# बिग मर्जरमा सीमा तोक्नेबारे नियामक निकायमा छलफल

**नारायण अर्याल/मध्यान्ह**
**काठमाडौं, २५ असार ।**

नेपाल राष्ट्र बैंकले बैंकहरुको बिग मर्जरको सिमा तोक्नेबारेमा छलफल प्रारम्भ गरेको छ । वाणिज्य बैंकहरुको संख्यालाई १५ वटामा झार्नुपर्ने विषयसँगै धेरै ठुला बैंकहरु बनाउँदा जोखिम पनि बढी हुनेतर्फ विचार गर्दै राष्ट्र बैंकले छलफल प्रारम्भ गरेको एक अधिकारीले बताएका छन् । बैंकहरुबीचमा मर्ज गराएर कति ठुलो बैंक बन्न दिने भन्ने विषयमा पनि नयाँ मापदण्डको आवश्यकता महशुस नियामक निकायले गरेको छ । बजारको ठुलो हिस्सा एउटै बैंकमा जान नहुने अवस्था सिर्जना हुनेगरी मापदण्ड बनाउनुपर्ने योजना नियामयक निकायको छ । बिग मर्जरबाट पैदा हुन सक्ने जोखिमको विषयलाई लिएर राष्ट्र बैंकमा मर्जको सीमा तोक्नेबारे प्रारम्भिक छलफल शुरु भएको जनाइएको छ ।



चुक्ता पुँजी, निक्षेप, कर्जा, कर्मचारी, शाखा, नाफा लगायतको सूचकमा कुल बजारको निश्चित सीमा नघट्ने गरी मर्जमा जान स्वीकृति दिने व्यवस्था गर्नु पर्ने अवस्था आएको राष्ट्र बैंकका अधिकारीको भनाई छ । कुनै एक बैंकले कुल बजारमा १५ प्रतिशतभन्दा बढी हिस्सा लिने कुरा जोखिमपुर्ण हुने ती अधिकारीको बुझाई छ । कुनै एउटा बैंक धेरै ठूलो भयो भने त्यसको क्रियाकलापले पूरै बजारलाई असर गर्ने भएकोले कुनै पनि बैंक ज्यादै ठूलो हुनु बजारको लागि जोखिमयुक्त हुने केन्द्रीय बैंकको विश्लेषण छ ।

अहिले नबिल बैंकले नेपाल बंगालादेश बैंकलाई प्राप्ति प्रकृयाको अन्तिम चरणमा पुगेको छ । इन्भेस्टमेन्ट र मेगा बैंक, ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाडौं बीचको मर्जरको विषय प्रकृयामा रहेको छ । हिमालयन बैंक र सिभिल बैंक बीचको मर्जरको विषय शुक्रबार तत्कालका लागि स्थगित भएको छ । नियामक निकायको वाणिज्य बैंकहरुलाई मर्ज गर्ने कार्यक्रमलाई लिएर बैंकहरुले कसरी आफुलाई ठुलो बनाउने भन्नेमा होडबाजी गर्न लागेको देखिएको छ । लामो समयदेखि ठुलो बैंकको पहिचान बनाउँदै आएको नबिल बैंकले बंगालादेशसँगको मर्जरपछि आफुलाई पुनः ठुलो बैंकको रुपमा स्थापित गर्न खोजेको छ । सो संगै ग्लोबल आइएमई बैंकले पनि आफुलाई ठुलो बनाउनेगरी बैंक अफ काठमाण्डुसँग प्रकृया अगाडि बढाएपछि नबिलले फेरि एनसिसि बैंकसँग मर्जरको विषयलाई अगाडि बढाउन खोजेको चर्चा चलेको छ ।

*बैंकहरुबीचमा मर्ज गराएर कति ठुलो बैंक बन्न दिने भन्ने विषयमा पनि नयाँ मापदण्डको आवश्यकता महशुस नियामक निकायले गरेको छ । बजारको ठुलो हिस्सा एउटै बैंकमा जान नहुने अवस्था सिर्जना हुनेगरी मापदण्ड बनाउनुपर्ने योजना नियामयक निकायको छ । बिग मर्जरबाट पैदा हुन सक्ने जोखिमको विषयलाई लिएर राष्ट्र बैंकमा मर्जको सीमा तोक्नेबारे प्रारम्भिक छलफल शुरु भएको जनाइएको छ ।*

यी ठूला मर्जले अरु बैंकलाई पनि मर्जमा जान दवाव सिर्जना गरेको छ । एकातिर बजारमा प्रतिस्पर्धामा टिक्नको लागि मर्ज गर्न चाहानेहरु छन् भने अर्कोतिर सबैभन्दा ठूलो बैंक बन्ने आकांक्षाले मर्जको लागि पहल गरेको पनि देखिन्छ । 'ग्लोबल आईएमई बैंक र प्राइम कमर्शियल बैंक मर्जबीच मर्जको कुरा चलेको समाचार आयो । बास्तवमा यी दुई बैंकले मर्जको प्रस्ताव ल्याए भने राष्ट्र बैंकले के गर्छ भनेर बजारबाट हामीलाई प्रश्न गर्न थालेका छन्,' राष्ट्र बैंकका उच्च अधिकारीले बताएका छन्, ' यति ठूलो बैंक पनि राष्ट्र बैंकको चाहाना होइन ।' बैंकहरुबीच बलियो बन्ने भन्दा सबैभन्दा ठूलो बन्ने होडबाजी भयो भने त्यो राम्रो नहुने राष्ट्र बैंकको बुझाई छ । 'हामीले बैंकको संख्या घटाउन पनि खोजेका छौं, बैंकहरुलाई बलियो बनाउन पनि खोजेका छौं तर ज्यादै ठूलो बैंक हुनु हुँदैन' उनले भने ।

## ब्लुप्रिन्ट ट्रेडिङको स्पष्टीकरण–

# कम्पनीले सेनेटरी प्याडकै कारोबार गर्दैन

**काठमाडौं/मस** – ब्लुप्रिन्ट ट्रेडिङ प्रालिले केही सञ्चारमाध्यममा आफ्नो प्रालिले 'सेनेटरी प्याड' आयात गरेको भनेर आएका समाचार तथ्यहीन, भ्रामक र गलत भएको स्पष्ट पारेको छ । केही सञ्चारमाध्यमले ब्लुप्रिन्ट ट्रेडिङले सेनेटरी प्याड आयात गरेको भनेर समाचार प्रकाशित गरेपछि आज कम्पनीले प्रेस विज्ञप्ति जारी गर्दै आफूहरुले बालबालिकाका लागि डाइपर मात्रै आयात गर्ने गरेको स्पष्ट पारेको हो ।

'सञ्चारमाध्याममा ब्लुप्रिन्ट ट्रेडिङ प्रालिका विषयमा बिनाआधार र प्रमाण प्रकाशित भएका समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । ब्लुप्रिन्ट ट्रेडिङ नेपालमा बालबालिकाका लागि प्रयोग हुने डाइपर आयत गर्ने कम्पनी हो' विज्ञप्तिमा भनिएको छ । प्रालिले स्थापनादेखि अहिलेसम्म सेनेटरी प्याड आयात नगरेको जनाएको छ । 'बिनाआधार हाम्रो कम्पनीको मान हानि हुनेगरी प्रकाशित/प्रसारित समाचार गलत भएको यसै विज्ञप्तिमार्फत आम नागरिकलाई जानकारी गराउँदछौँ', विज्ञप्तिमा भनिएको छ ।

# संशोधन नभए बजेट पास हुन नदिने कांग्रेसको निर्णय

**काठमाडौं/रासस** – नेपाली कांग्रेसले सुदूरपश्चिम प्रदेश सरकारले अगामी आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको बजेट संशोधन नगरेसम्म बजेट पास हुन नदिने निर्णय गरेको छ । आज नेपाली कांग्रेस संसदीय दलका उपनेता देवराज पाठकको अध्यक्षतामा बसेको सुदूपश्चिम प्रदेश संसदीय दलको बैठकले बजेट संशोधन गर्नुपर्ने र नगरे पारित हुन नदिने निर्णय गरेको हो । बैठकले बजेट संशोधन गर्नुपर्ने निर्णय गरेको प्रमुख सचेतक भरतबहादुर खड्काले जानकारी दिए । उनले प्रदेश सरकारले ल्याएको बजेट जनताको हितमा नभएकाले परिमार्जन गर्नुपर्ने संसदीय दलले निर्णय गरेको जानकारी दिए ।

कांग्रेसले बैठकले बजेट संशोधन गर्नुपर्ने मागसहितको निर्णयका आधारमा प्रदेश सरकारको ध्यानाकर्षण गराइने जनाएको छ । संसदीय दलको बैठकमा सामाजिक विकासमन्त्रीसमेत रहनुभएका कांग्रेस सचेतक गोविन्द बोहरा, राज्यमन्त्री टेकबहादुर रैका, प्रदेशसभा सदस्य डिल्लीराज पन्त, श्यामलाल राना थारूसहितका सात जना सहभागी थिए ।

प्रदेश सरकारका आर्थिक मामिलामन्त्री प्रकाशबहादुर रावलले गत असार १ मा प्रदेशसभा बैठकमा प्रस्तुत गरेको ३६ अर्ब ७६ करोडको बजेटमाथि सत्तारुढ दलकै सांसदहरुको असन्तुष्टिका कारण अहिलेसम्म बजेटमाथि छलफल हुनसकेको छैन । माओवादी केन्द्रले आफ्ना सांसद्लाई बजेटको विरोध नगर्न र पक्षमा उभिन निर्देशन दिए पनि विरोध कायमै छ भने बजेटबारे एकीकृत समाजवादी पार्टीले कुनै निर्णय गरेको छैन । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले बिचौलियाको प्रयोग गरेर ल्याइएको बजेट खारेज गर्नुपर्ने माग गरेको छ । असार मसान्तभित्र बजेट पारित गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि २५ असारसम्म प्रदेशसभामा बजेटमाथि छलफल हुन नसक्दा अनिश्चित बनेको छ ।


## बकर ईद मुबारक

इस्लाम धर्मावलम्बीहरुको पवित्र पर्व बकर ईद (इद उल जुहा)को अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजभाइ तथा दिदीबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**मोहम्मद शमशाद आलम**
वडा सदस्य
राजपुर नगरपालिका, वडा नं.–१
पिपरा, भगवानपुर

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: **01-4228298, 4226366**
**Email: madhyanhadaily59@gmail.com**

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**मध्यान्ह मिडिया प्रा.लि.**
बागबजार, काठमाडौं । फोन नं.: **01-4228298, 4226366**
**Email: madhyanhadaily59@gmail.com**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**